भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह-९, भक्तपुर, फोन नं. ०१-६६१४६८६
१ हप्ते ECD तालिमसम्बन्धी सूचना
तालिम सुरु : २०८१ जेठ १४ गतेदेखि १९ गतेसम्म
समय : बेलुकी ४:०० बजेदेखि ६:०० बजेसम्म
दर्ता शुल्क : रु. १५००।–
सहभागी सङ्ख्या : ४० जना
स्थान : संस्थाकै भवन
अन्तिम दर्ता मिति : २०८१ जेठ ११ गते
आयोजक
शिक्षा उपसमिति

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर
The Worker Daily
दैनिक
Website : www.onlinemajdoor.com

VACANCY ANNOUNCEMENT
We are looking for experienced, trained energetic and self motivated candidates for the following post.

| S.N | Level | Nos | Qualifi. | Salary |
|---|---|---|---|---|
| 1 | Pre primary | 3 | Minimum +2 or equivalent | Negotiable |

Interested candidates are required to apply along with their updated C.V, recent pp sized photo and certificates within 25th of Baisakh 2081.
Serene Ken English School
Jhaukhel-3, Bhaktapur.
Email : 9803045226k@gmail.com
Contact no : 9840015029, 9842151262,6614364,

वर्ष : २६ ★ अङ्क : ९७ ★ ने. सं. ११४४ चौला गा, पञ्चमी/षष्ठी ★ सोमबार ★ १७ वैशाख, २०८१ ★ April 29, 2024, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## काठमाडौँ उपत्यकालाई सांस्कृतिक राजधानी बनाउनुपर्नेमा जोड




भक्तपुर, १६ वैशाख । भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुरको प्रसिद्ध बिस्का जात्रा २०८०।८१ शान्तिपूर्ण, मर्यादित र भव्यताका साथ सम्पन्न गर्न योगदान गर्ने सरोकारवाला सबै सङ्घ संस्था र सहयोगीहरूलाई धन्यवाद ज्ञापन कार्यक्रम आइतबार भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले देशको कला र संस्कृति सभ्यता हो, हाम्रो कला र सभ्यतालाई अझ विशिष्टीकृत ढङ्गले प्रदर्शन गर्न पाउनु सबैको लागि गौरवको विषय भएको बताउनुभयो ।

जात्रामा सरकारी निकायबाट उल्लेखनीय काम भएको बताउँदै उहाँले बिस्का जात्रा सबै उमेर समूह र देश विदेशका जनताले हेर्न पाउने व्यवस्था हुनु सुखद पक्ष भएको बताउनुभयो ।

उहाँले काठमाडौँ उपत्यकालाई सांस्कृतिक राजधानी बनाउनु उपयुक्त हुने धारणा राख्दै दाङलाई सङ्घीय राजधानी बनाउनुपर्नेमा जोड दिनुभयो ।

नेपाल-भारतबिचको खुला सिमानाका कारण नेपालको आन्तरिक मामिलामा समेत भारतको हस्तक्षेप बढ्दै गइरहेको बताउँदै उहाँले शासन सत्तामा बस्ने पदाधिकारीहरूमा देश विकासको खाका नहुँदा देश अनियन्त्रित ढङ्गले अगाडि बढिरहेको बताउनुभयो ।

चिकित्सकहरूको दरबन्दी नथपिँदा नेपालबाट विदेश जाने चिकित्सकहरूको सङ्ख्या दिन प्रतिदिन बढ्दो अवस्थामा रहेको बताउँदै उहाँले जनशक्ति पलायन हुने प्रवृत्तिले नेपालको अर्थतन्त्रमै क्षति पुगिरहेको बताउनुभयो । उहाँले विदेशी लगानीले देशलाई अरूको उपनिवेश

*बाँकी पृष्ठ ८ मा*

## मजदुरवर्गको सङ्गठित र सचेत सङ्घर्षबाट पुँजीवाद समाप्त हुने

भक्तपुर, १६ वैशाख । नेपाल क्रान्तिकारी किसान सङ्घ नगर समिति भक्तपुरको आयोजनामा आइतबार १३५ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा प्रवचन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले मानव समाजको विकासको सिलसिला अध्ययन गर्दा पीडक र पीडितवर्गबिच सङ्घर्ष भएको चर्चा गर्दै दास मालिक र दासबिच, सामन्त र भूदासबिच, पुँजीपति र मजदुरवर्गबिच सङ्घर्ष त्यसैको सिलसिला भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “नेपालका शासक दलहरूले २००७, २०४६ र २०६२/६३ सालमा सहरकेन्द्रित आन्दोलन गरेर सत्ता कब्जा गरे । यसकारण, मौलिक परिवर्तन भएन । देश र जनताको हितको लागि गाउँ-गाउँमा आन्दोलन हुनु जरूरी छ ।”

“उद्योगको विकाससँगै पुँजीपति र मजदुरवर्गको जन्म भयो; मजदुरवर्गको सङ्गठित र सचेत सङ्घर्षबाट पुँजीवाद समाप्त हुने मार्क्सवादको निष्कर्ष हो । चुनावबाट समाजवादको सपना देख्नेहरू संशोधनवादी र अवसरवादी हुन्”, उहाँले स्पष्ट पार्दै भन्नुभयो ।

सचिव सुवालले भन्नुभयो, “मजदुरवर्गको सरकारले मात्र मजदुरहरूको हित गर्छ । सन् १८७१ को पेरिस कम्युनले मन्त्री र मजदुरको तलब बराबर निर्धारण गऱ्यो । अक्टोबर समाजवादी क्रान्तिपछिको रूसले पुँजीवादी देशहरू बेलायत र अमेरिकाले २-३ सय वर्षमा गरेको उपलब्धि २०-३० वर्षमा गऱ्यो । यसकारण, समाजवाद अपरिहार्य छ ।”

नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को कम्युनिस्टहरू मरेपछि ‘स्वर्ग’ जाने इच्छा पाल्दैनन् बरू देश र जनतालाई नै ‘स्वर्ग’ बनाउने अभियानमा लाग्छन् भन्ने भनाइलाई आत्मसात गरी मजदुर किसान कार्यकर्ताहरू पनि लाग्नु आवश्यक भएको सचिव सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, “शत्रुको तारिफबाट सचेत हुने र आफ्नै साथीहरूको आलोचनाबाट सिक्ने र थप दृढ भएर पार्टीको काममा लाग्ने आजको आवश्यकता हो । निजी बैङ्कहरूको कारण नेपालको अर्थतन्त्र झन्झन् खस्किँदै छ । विनोद चौधरीको ‘वाई वाई चाउचाउ’ स्वास्थ्यको लागि हानिकारक भए पनि सरकारले यसको शेयर बिक्री गर्न गराउन अनुमति दिएको देशघाती कदम हो । थँबहीको सरकारी जग्गा कब्जा गरी पन्ध्र तलाको छाया कम्प्लेक्स बनाउने जनद्रोहीहरूले अन्य जनतालाई शेयर बेचेर फसाएझैँ वाईवाई चाउचाउले

*बाँकी पृष्ठ २ मा*

हार्दिक बधाई तथा शुभकामना !



ई. रोशन प्रजापति
भक्तपुर नगरपालिकाद्वारा संचालित ख्वप इन्जिनियरिङ्ग कलेज
स्नातकोत्तर तह Earthquake Engineering शैक्षिक कार्यक्रम २०२० समूहका
विद्यार्थी ई. रोशन प्रजापतिले मिति २०८१ बैशाख १४ गते सम्पन्न पूर्वाञ्चल विश्वविद्यालयको
बाह्रौं दीक्षान्त समारोहमा IT & Engineering Program तर्फ सर्वोत्कृष्ट भई
‘स्व. डिल्लीबहादुर अधिकारी स्वर्ण पदक’
र स्नातकोत्तर तहको शैक्षिक कार्यक्रममा सर्वोत्कृष्ट भई ‘नारायणप्रसाद कोइराला स्वर्ण पदक’
हासिल गर्नुभएकोमा वहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।
साथै वहाँको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
ख्वप इन्जिनियरिङ्ग कलेज
लिवाली, भक्तपुर-८ फोन नं ०१-५१२२००९४, ५१२२०९८
Email:- info@khec.edu.np Website:- khec.edu.np

हार्दिक बधाई तथा शुभकामना !



ई. विकाश पाण्डे
भक्तपुर नगरपालिकाद्वारा संचालित ख्वप इन्जिनियरिङ्ग कलेज
स्नातक तह Civil Engineering शैक्षिक कार्यक्रम २०१९ समूहका
विद्यार्थी ई. विकाश पाण्डेले मिति २०८१ बैशाख १४ गते सम्पन्न पूर्वाञ्चल विश्वविद्यालयको
बाह्रौं दीक्षान्त समारोहमा B.E. Civil Program तर्फ सर्वोत्कृष्ट भई
‘डा. राम शोभाना पोखरेल स्वर्ण पदक’ हासिल गर्नुभएकोमा वहाँलाई
हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै वहाँको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
ख्वप इन्जिनियरिङ्ग कलेज
लिवाली, भक्तपुर-८ फोन नं ०१-५१२२००९४, ५१२२०९८
Email:- info@khec.edu.np Website:- khec.edu.np

# कमलविनायक साकोसद्वारा हस्तलेखन तालिम सुरु



भक्तपुर, १६ वैशाख । कमलविनायक बचत तथा ऋण सहकारी संस्थाको युवा तथा खेलकुद उपसमितिको आयोजनामा कक्षा ५ र सोभन्दा माथिका बाल बचतकर्ताहरूको अक्षर सुधारको लागि पन्ध्रदिने हस्तलेखन तालिम सरस्वती विद्यागृह माविमा शनिबार सुरु भयो ।

संस्थाका संस्थापक सल्लाहकार न्हुछेबहादुर खाताखोले प्रस्ट र सुन्दर अक्षरबाट व्यक्तिको व्यक्तित्व पहिचान हुने बताउँदै भविष्य निर्माणको लागि सहयोगी भूमिका निभाउने बताउनुभयो ।

तालिमका प्रशिक्षक सुरज दिदियाले सुन्दर अक्षर लेखनको लागि गरिएको मेहनतबाट विद्यार्थीहरू अरू बढी अरु क्षेत्रमा पनि मेहनत गर्ने बताउनुभयो ।

संस्थाका अध्यक्ष सुनिल मगजुले संस्थाको विभिन्न गतिविधि सञ्चालन र हालको अवस्थाबारे जानकारी दिनुभयो ।

संस्थाका व्यवस्थापक नारायणप्रसाद ह्यौंमिखाले नगरवासीको बचत रकम बहुउद्देश्यीय सहकारीबाट सुरक्षित नभएको अवस्थामा विकल्पको रूपमा स्थानीय व्यक्तिहरू मिलेर सहकारी स्थापना भएको बताउनुभयो ।

३६ जना बाल बचतकर्ताहरू सहभागी भएको उक्त कार्यक्रममा युवा तथा खेलकुद उपसमितिका संयोजक विश्वराम मगजूलगायत रामकृष्ण सुवालले पनि बोल्नुभएको थियो ।

# बालबालिकासम्बन्धी ऐन कार्यान्वयन गर्न अदालतद्वारा परमादेश

खजुरा (बाँके), १६ वैशाख (रासस) । बाँके र बर्दियाका स्थानीय तहको नाममा बालबालिकासम्बन्धी ऐनलाई कार्यान्वयन गर्नका लागि उच्च अदालत नेपालगन्जले परमादेश जारी गरेको छ । स्थानीय सरकारले ऐनअन्तर्गत स्थानीय बालअधिकार समिति गठन नगरेपछि तत्काल कार्यान्वयन गर्न अदालतले परमादेश जारी गरेको हो ।

उच्च अदालत तुल्सीपुर इजलाश नेपालगञ्जका न्यायाधीश टङ्कप्रसाद पौडेल र न्यायाधीश बसन्तराज पौडेलको संयुक्त इजलाशले बालबालिकासम्बन्धी ऐन २०७५ ले व्यवस्था गरे बमोजिम बालअधिकार समितिको गठन गरी ऐन कानुनले तोकेको बालबालिकाप्रतिको दायित्व निर्वाह गर्नुपर्ने देखिएकाले सोको व्यवस्था गर्न परमादेश जारी गरेको हो ।

अदालतले बालबालिकाको अधिकार, सम्मान संरक्षण, प्रवर्द्धन र परिपूर्तितर्फ प्रभावकारी कार्य कार्यान्वयन नगरेको देखिँदा बालबालिकासम्बन्धी ऐन कानुनले निर्दिष्ट गरेका दायित्व पूरा गर्नेतर्फ आवश्यक संयन्त्र बनाई सोको प्रभावकारी कार्यान्वयन गर्न गराउन विपक्षीको नाममा आदेश गरेको हो ।

सार्वजनिक सरोकारको विषय भएको भन्दै सूचना र मानवअधिकार अनुसन्धान केन्द्र नेपालगञ्जको तर्फबाट जिज्ञाशा तिवारी र एन्जिला ज्ञवालीले बाँके र बर्दियाका १६ वटा स्थानीय तहलाई विपक्षी बनाई बालबालिकासम्बन्धी ऐनलाई कार्यान्वयन गर्न माग गर्दै उच्च अदालतमा रिट दायर गर्नुभएको थियो ।

स्थानीय तहले बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ६० स्थानीय बालअधिकार समिति गठन, दफा ६१ मा बालकल्याण अधिकारीको नियुक्ति, बालकल्याण अधिकारीको काम कर्तव्य र अधिकारको व्यवस्था र दफा ६२ मा पालिकाअन्तर्गत समाजसेवी तथा बालमनोविज्ञ नियुक्ति समेतको व्यवस्था रहेको छ ।

उक्त कानुनी व्यवस्था रहेपनि हालसम्म बाँके र बर्दियाका कुनै पनि स्थानीय तहले त्यसको कार्यान्वयन गरेको पाइँदैन । सोको कार्यान्वयनका लागि अदालतमा सार्वजनिक सरोकारको विषय भन्दै मुद्दा दायर गरिएको अधिवक्ता विश्वजीत तिवारीले बताउनुभयो ।

# ललितपुरमा प्रकाशनहरूको अध्ययन–अन्तरक्रिया

ललितपुर, १६ वैशाख । नेपाल मजदुर किसान पार्टी महालक्ष्मी नगर समिति ललितपुरको आयोजनामा शनिबार सर्वहारावर्गका महान् नेता लेनिनको १५४ औं जन्म दिवसको अवसरमा अन्तरक्रियात्मक अध्ययन गोष्ठी भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय वैकल्पिक सदस्य एन.महर्जनले सन् १९१७ अक्टोबरको क्रान्तिपछि लेनिनको नेतृत्वमा पहिलेको पुँजीवादी संरचना उल्टाई सर्वहारावर्ग शासकवर्गको रूपमा विकास भएको थियो भन्नुभयो । उहाँले सन् १९१७ को समाजवादी क्रान्ति २० औं शताब्दीको सबैभन्दा ठुलो घटना भएको बताउनुभयो ।

उहाँले समाजवादी बन्दोबस्तको चर्चा गर्दै भन्नुभयो, “देशका उत्पादनका साधनमाथि व्यक्तिगत स्वामित्वको अन्त्य गरी सामूहिक स्वामित्वमा परिणत गरियो । सोभियत सङ्घमा व्यक्तित्व विकासमा समान अवसर, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त, गाउँ र सहरको भेद क्रमश: अन्त्य गरी गाउँ र सहरमा व्यवस्थित बस्तीको विकास भयो । स्वदेशमै रोजगारको राम्रो बन्दोबस्त गरी शोषणको अन्त्य गरी संसारकै एक महाशक्ति देशको रूपमा विकास गरि एको थियो ।”

नेपाल कर्मचारी समाजका अध्यक्ष जीपी लासिवाले एसिया, अफ्रिका तथा ल्याटिन अमेरिकी देशमा कामदारवर्ग भनेको गरिब किसान भएकोले कृषकहरूको माध्यमबाट समाजवादी क्रान्ति गर्नुपर्नेलगायतका नयाँ नयाँ विचार मार्क्सवादमा थप गर्नुभएको थियो भन्नुभयो ।

उहाँले भन्नुभयो, “रुसमा जारविरुद्धको सङ्घर्ष गरी फेब्रुअरी क्रान्तिपछि स्थापना भएको पुँजीवादी अस्थायी सरकारमा लेनिनको बोल्सेभिक (कम्युनिस्ट) पार्टी सहभागी भएन । पुँजीवादी व्यवस्था पुँजीपतिवर्गको हितमा काम गर्ने पुँजीपतिवर्गको सञ्चालक समिति हो । यसले गरिब कामदारवर्गमाथि शोषण र शासन गर्नेछ ।

नेमकिपा ललितपुर जिल्लाका सदस्य एवम् महालक्ष्मी नगर समिति अध्यक्ष महन्त महर्जनले पुँजीवादी निर्वाचन क्रान्तिको परिस्थिति तयार नहुन्जेलसम्म उपयोग गर्ने या प्रतिक्रियावादी सङ्घ संस्थाभित्र घुसेर जनताको सेवा गर्नुपर्छ भन्नुभयो ।

नेमकिपा महालक्ष्मी वडा नं ६ का इन्चार्ज आशाराम महर्जनले डिसेम्बरवादीहरूले फ्रान्स, बेलायत र अमेरिकामा राजतन्त्रविरुद्ध सङ्घर्ष गरी राजालाई ज्यान सजाय दिएर जनता स्वतन्त्र भएपछि प्रगति गरेको वा पश्चिमी युरोपेली देशहरू विकासमा अगाडि परेकोले रुसमा पनि राजा जारलाई अन्त्य गरी रुसमा गणतन्त्र स्थापना गरेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घ ललितपुर जिल्ला समितिका सदस्य रूपा महर्जनले रुसको डिसेम्बर विद्रोहमा मुराभ्योभ् परिवारका तीन दाजुभाइमध्ये जेठो कारावासको सजाय भोग्ने माल्भेई, माहिलो बहादुरीपूर्वक फाँसीमा झुन्डिएर सहादत प्राप्त गर्ने सेर्गेइ, कान्छो इपोलित मुराभ्योभ् लडाइँको सिलसिलामा १९ वर्षकै उमेरमा सहादत प्राप्त गरेको स्मरण गराउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ महालक्ष्मी नगरका अध्यक्ष अनिता महर्जनले अन्तर्राष्ट्रिय श्रमिक दिवस (मई १) मजदुरहरूको गौरवमय आन्दोलन र विजयको प्रतीक भएको, अशान्ति, हिंसा, युद्धको कारक पुँजीवाद एवम् साम्राज्यवाद रहेको विचार व्यक्त गर्नुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ महालक्ष्मी नगर समितिका कृष्णराज महर्जनले ‘रुसको डिसेम्बरवादी विद्रोह’ पुस्तकको अध्ययनले युवाहरूलाई आफ्नो मातृभूमि र दबिएका जनताको पक्षमा त्याग, तपस्या, समर्पण र बलिदानी भावनाले काम गर्ने भावनाको विकास हुन्छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ ललितपुरका अनिष महर्जनले रुसको डिसेम्बर विद्रोहमा गणतन्त्रवादी विचार बोकेका परिवारका सदस्य युवा सैनिक कर्णेल तथा क्रान्तिकारी नेता पाभेल पेस्टेलले रुसमा भूदासको अन्त्यको लागि र देशमा निरङ्कुश जारतन्त्र हटाएर गणतन्त्र स्थापनाको लागि विचार फैलाउँदै गरेका डिसेम्बरवादी नेता भएको विचार व्यक्त गर्नुभयो ।

नेमकिपा महालक्ष्मीका अध्यक्ष महन्त महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा चन्द्रमान महर्जन र वीरेन्द्र महर्जनले नेपालमा पुँजीवादी सरकारमा गएका पार्टी र नेताहरूले भ्रष्टाचार गर्ने, अनियमितता गर्ने, विकास निर्माणको लागि बजेट छुट्याउँदा पक्षपात गर्ने, भारत र अमेरिकाको कठपुतलीको रूपमा काम गर्ने गरेको कारण देशमा आमूल परिवर्तनको आवश्यकता भएको बताउनुभयो ।

# टग अफ वार प्रतियोगिता सम्पन्न

भक्तपुर, १६ वैशाख । १३५ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा भक्तपुर नगरपालिका १ नं वडा कार्यालयको आयोजनामा वडा स्तरीय महिला टग अफ वार प्रतियोगिता शनिबार सम्पन्न भयो ।

कार्यक्रममा भनपाका उपप्रमुख रजनी जोशीले महिलाहरू घरयसी कामका साथसाथै व्यवसायिक एवं सामाजिक क्षेत्रमा पनि लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवं वडाध्यक्ष श्यामकृष्ण खत्रीले भनपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरसफाईलाई प्राथमिकता दिई कार्य गरिरहेको बताउनुभयो ।

कार्यक्रममा कृष्णबहादुर दुगुजु, सूर्यप्रसाद श्रेष्ठ, गङ्गालक्ष्मी बमनु, कल्पना शिल्पकार र लक्ष्मीसुन्दर सुवालले पनि बोल्नुभएको थियो ।

१३ समूहले भाग लिएको उक्त प्रतियोगितामा हनुमान फल्चा दिदी-बहिनी समूह पहिलो, भाजुपोखरी दिदी-बहिनी समूह दोस्रो र भार्वाचो महिला समूह तथा सल्लाघारी महिला समूह संयुक्तरूपमा तेस्रो भए । विजयी समूहलाई उपप्रमुख जोशीले पुरस्कार प्रदान गर्नुभएको थियो ।

# निगमको जहाज इजरायलमा मर्मत गरेर ल्याइयो

काठमाडौं, १६ वैशाख (रासस) । नेपाल वायुसेवा निगमको ९ एनएकेएक्स जहाज इजरायलमा मर्मत गराएर काठमाडौं ल्याइएको छ । इजरायलमा मर्मतसम्भार सकेर ल्याइएको जहाज शनिबार साँझ काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको वायुसेवा निगमका प्रवक्ता रमेश पौडेलले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “उक्त जहाजको एउटा इन्जिनमा प्राविधिक समस्या आएपछि इजरायलस्थित नियमानुसार छनोट भएको मर्मत र मर्मत सङ्गठन (एमआरओ) मा मर्मत गराइएको थियो । मर्मतपश्चात् जहाज शनिबार साँझ काठमाडौं आइपुगेको छ ।”

सो विज्ञप्तिमा भनिएको छ, “उक्त कार्यमा इजरायलस्थित नेपाली राजदूतावासबाट भएको सहयोग र समन्वयका लागि निगमले आभार प्रकट गर्दछ । जहाजको इन्जिन मर्मतमा ढिलाइ हुन गएको विषयलाई गम्भीरतापूर्वक अध्ययन विश्लेषण गरी सम्झौताअनुसार आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।”

# सिराहाका १३ पालिका दमकलविहीन

सिराहा, १६ वैशाख । यहाँका १७ पालिकामध्ये चार पालिकामा मात्र दमकल रहेका छन् । नेपाल रेडक्रस सोसाइटीका अनुसार जिल्लाका चार नगरपालिकामा मात्र दमकल सेवा रहेको छ ।

यहाँका लहान, सिराहा, गोलबजार र मिर्चैया नगरपालिकामा मात्र दमकल सेवा उपलब्ध रहेको रेडक्रस जिल्ला शाखाका सभापति राजदेव यादवले जानकारी दिनुभयो । आगलागीका घटनामा ठूलो धनजनको क्षति हुँदै भए पनि दमकल खरिदमा जिल्लाका पालिकाले चासो दिन नसकेको उहाँको भनाइ छ ।

सहरी क्षेत्रको आगलागी नियन्त्रणमा प्रयोग हुने सबैभन्दा उपयोगी साधन दमकल भए पनि यहाँका नौवटै गाउँपालिकामा दमकल छैन भने बाँकी चार नगरपालिका पनि दमकलविहीन छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विवरणले पनि सहरी क्षेत्रका घरमा हुने आगलागीका ९५ प्रतिशत घटना दमकलको सहयोगमा नियन्त्रणमा आएको देखाउँछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विपद् व्यवस्थापनका लागि अत्यावश्यक उपकरण दमकल सञ्चालनको जिम्मा स्थानीय तहलाई नै दिएको छ । त्यसअन्तर्गत पनि दमकल तयारी अवस्थामा राख्ने महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहको हो । राष्ट्रिय विपद् व्यवस्थापन तथा प्राधिकरण ऐन, २०७४ ले पनि दमकललगायतका उपकरण तयारी हालतमा राख्ने जिम्मा स्थानीय तहलाई नै सुम्पिएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को व्यवस्थाअनुसार जिल्लास्तरमा विपद् व्यवस्थापनसम्बन्धी कार्यका लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा स्थानीय पालिकाको अध्यक्ष तथा प्रमुख, जिल्ला समन्वय समितिको प्रतिनिधि, जिल्लास्थित सुरक्षा निकायका प्रमुखसहितको जिल्ला विपद् व्यवस्थापन समिति रहने व्यवस्था रहेको छ ।

सम्भावित विपद् प्रतिकार्यका लागि पूर्वतयारीको अवस्था र दमकलको स्थितिका बारेमा बुझ्न खोज्दा सिराहाका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालले आफू जानकार नरहेको बताउनुभयो ।

पूर्व-पश्चिम महेन्द्र राजमार्ग तथा सदरमुकाममा दमकल केन्द्रित हुँदा जिल्लाकै हुलाकी मार्गमा भने दमकल सेवा नहुँदा आपतविपद् पर्दा टाढाटाढाबाट दमकल पुग्नुपर्ने अवस्था रहेको जिल्ला समन्वय समितिका प्रमुख दिनेशकुमार महतोको भनाइ छ ।

काम गर्न विदेश जाने सोच बनाउँदै हुनुहुन्छ ?

हुनुहुन्छ भने:

- श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस्।
- राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस्।
- श्रम कल सेन्टरको नि:शुल्क नम्बर ११४१ मा फोन गर्नुहोस्।

नेपाल सरकार
विज्ञापन बोर्ड

*मजदुरवर्गको...*

जनतालाई फसाउँदै छ । सबै सचेत हुन आवश्यक छ ।”

नेमकिपा नगर समिति भक्तपुरका अध्यक्ष नारायणबहादुर दुवालले सन् १८८६ मई १, २, ३ र ४ गतेको अमेरिकी मजदुर आन्दोलनको फल आज संसारका मजदुरहरूले ८ घण्टा काम, ८ घण्टा आराम गर्ने र ८ घण्टा मनोरञ्जन गर्ने अधिकार उपभोग गरिरहेको उल्लेख गर्नुभयो । उहाँले मजदुर वर्गको सङ्घर्षले नै सन् १८७०-७१ मा फ्रान्समा पेरिस कम्युन स्थापना गर्न सफल भएको उल्लेख गर्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका विष्णुराम दुमरुले सन् १८८६ अघि अमेरिकामा मजदुरहरूले दिनको १८ घण्टासम्म काम गरे पनि एक छाक खान मुस्किल भइरहेको चर्चा गर्दै मजदुरमाथि शोषण गररै पुँजीपतिवर्ग धनी भएको उल्लेख गर्नुभयो ।

मजदुरहरूको आन्दोलनकै कारण पुँजीपतिहरू झुकेर ८ घण्टाको काम र ज्याला बढेको विचार व्यक्त गर्दै उहाँले उक्त मजदुर आन्दोलन मई १ को आन्दोलनले प्रसिद्ध भएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ नगर समिति भक्तपुरका अध्यक्ष गंगाराम ज्याख्वको सभापतित्वमा भएको उक्त कार्यक्रममा आर.प्रजापति र राजाराम गोसाईले मई दिवसको आवश्यकताबारे चर्चा गर्नुभयो ।

# हात्तीपाइलेविरुद्धको औषधि सात जिल्लामा खुवाइँदै

काठमाडौँ, १६ वैशाख । आइतबारदेखि सात जिल्लामा हात्तीपाइलेविरुद्धको औषधि खुवाइँदै छ । हात्तीपाइले रोगको जोखिम रहेका झापा, धनुषा, सर्लाही, रौतहट, रसुवा र कपिलवस्तु जिल्लामा हात्तीपाइलेविरुद्धको औषधि आइतबार खुवाइने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

सरकारले आमऔषधि सेवन अभियान सञ्चालन गरेर (सबैलाई औषधि खुवाउने गरी) दुईहप्ते अभियान सञ्चालन गर्न लागेको हो । स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. रुद्र मरासिनीले ती सात जिल्लाका एक सय एक पालिकाका करिब ५० लाख ७८ हजार जनालाई हात्तीपाइलेविरुद्धको औषधि खुवाइने बताउनुभयो ।

सरकारले यसअघि ती सात जिल्लामा आमऔषधि सेवन अभियान सञ्चालन भए पनि सफल नभएपछि पुनः अभियान सञ्चालन गरेको हो । दुई वर्षदेखि माथिका सबै उमेर समूहका सर्वसाधारणलाई औषधि खुवाइने छ ।

सरकारले समुदायस्तरमा सङ्क्रमण रोक्नका लागि ती जिल्लामा सबैलाई औषधि खुवाउन थालेको हो । यसअघि ५३ जिल्लामा समुदायस्तरको सङ्क्रमण रोकिएको छ भने दाङ, मोरङ, बाँके र कैलाली जिल्लामा प्रारम्भिक समुदायस्तरको सङ्क्रमण रोकिएको छ । अभियानमा यसपटक करिब छ हजार स्वास्थ्यकर्मी र पाँच हजार आठ सय महिला स्वास्थ्य स्वयंसेविका परिचालन भएका छन् । ***रासस***


# देशमा पश्चिमी र स्थानीय वायुको प्रभाव कायमै

काठमाडौँ, १६ वैशाख । हाल देशमा पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव रहेको बताउँदै जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भागमा अहिले आंशिक बदली भएको तथा बाँकी क्षेत्रमा मौसम सफा रहेको जनाएको छ ।

महाशाखाका अनुसार आइतबार दिउँसो देशका पहाडी भागमा आंशिक बदली रही बाँकी भूभागमा मौसम सफा रहने छ । कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भागका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना छ । साथै मुलुकका उच्च पहाडी तथा हिमाली क्षेत्रका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना छ । लुम्बिनी, मधेस र कोशी प्रदेशका तराईका केही स्थानमा हुरीबतासको सम्भावना छ ।

त्यसैगरी, आइतबार राति कोशी, गण्डकी र कर्णाली प्रदेशका पहाडी भागमा आंशिक बदली हुने तथा भागमा मौसम सफा रहने छ । गण्डकी प्रदेशका पहाडी भूभागका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ । गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना छ । लुम्बिनी, मधेश र कोशी प्रदेशका तराईका केही स्थानमा हुरीबतासको सम्भावना छ ।

आगामी २४ घण्टामा कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भागका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना छ । साथै मुलुकका उच्च पहाडी तथा हिमाली क्षेत्रका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना छ । लुम्बिनी, मधेस र कोशी प्रदेशका तराईका केही स्थानमा हुरीबतासको सम्भावना रहेको जनाउँदै महाशाखाले त्यस क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने भएकाले सतर्कता अपनाउन अनुरोध गरेको छ । ***रासस***



**फेङ्गा बुन्दै महिला :** सोलुखुम्बुको महाकुलुङ क्षेत्रमा कुलुङ जातिहरूको संस्कारमा आवश्यक पर्ने फेङ्गा कपडा बुन्दै कुलुङ महिला । उक्त कपडा स्थानीय महिलाहरूले घरमै तान लगाएर बुन्ने गर्छन् । तस्बिर: सुवास दर्नाल/रासस

# काभ्रेको आठ सय अठार हेक्टर वनमा आगलागी

काभ्रेपलाञ्चोक, १६ वैशाख (रासस) । काभ्रेपलाञ्चोकको ४२ वटा सामुदायिक तथा राष्ट्रिय वनमा आगलागी हुँदा आठ सय १८ हेक्टर वन जलेर नष्ट भएको छ । करिब तीन महिनाको अवधिमा उक्त क्षेत्रत्रफलमा आगलागी भई क्षति पुगेको डिभिजन वन कार्यालय धुलिखेलले जनाएको छ । जिल्लाका निजी वनपाखा, घर तथा टहरामासमेत आगलागीको घटना भएका छन् । कार्यालयका अनुसार जिल्लास्थित सब-डिभिजन वन कार्यालय अन्तर्गतका केही सामुदायिक र राष्ट्रिय वनमा आगलागी भइरहेको छ । केही स्थानमा आगलागी नियन्त्रणमा आए पनि केही स्थानमा आगलागी भइरहेको कार्यालयका सूचना अधिकारी सरिता लामाले बताउनुभयो ।

लामाका अनुसार वैशाख दोस्रो सातासम्म सब-डिभिजन वन कार्यालय चौवासअन्तर्गत १० स्थानमा आगलागी हुँदा चार सय २२ हेक्टर वनमा क्षति पुगेको छ । यस्तै सब-डिभिजन जनागालअन्तर्गत चार स्थानको ३२ हेक्टर, सब-डिभिजन महादेवस्थान अन्तरगत पाँच स्थानमा १५ दशमलव ५ हेक्टर, सब-डिभिजन कटुन्जेअन्तर्गत दुई स्थानमा एक सय ८२ हेक्टरमा आगलागी भएको थियो ।

त्यस्तै सब-डिभिजन खोपासी अन्तरगत आठ स्थानमा ४३ हेक्टर, सब-डिभिजन नमोबुद्धअन्तरगत १३ स्थानमा एक सय २३ हेक्टरमा आगलागी भएको जनाइएको छ । तेमालमा एक जनाको आगो निभाउन जाने क्रममा एक जनाको निधन भएको थियो । यस्तै आगलागीका क्रममा नौ जना घाइते भएका छन् । वनपाखा, घर-टहरा तथा जङ्गलमा आगलागी हुँदा स्थानीय, प्रहरी, सशस्त्र प्रहरी तथा केही स्थामा दमकलको सहायताबाट आगो नियन्त्रणमा लिने गरिएको जिल्ला प्रहरी कार्यालय धुलिखेलले जनाएको छ । कार्यालय प्रमुख प्रहरी उपरीक्षक बसुन्धरा खड्काका अनुसार वनमा आगलागी गर्ने केही व्यक्तिको पहिचान गरी नियन्त्रणमा लिएर कारबाही पनि गरिएको बताउनुभयो ।

आगलागीका कारण वन्यजन्तु, बोट बिरूवा र लोपोन्मुख वनस्पतिसमेत नष्ट भएको जनाइएको छ । डिभिजन वन कार्यालयले केही वन्यजन्तुको उद्धार गरेको लामाले बताउनुभयो । उहाँका अनुसार उद्धार गरिएकामध्ये सुन कछुवा जिउँदै उद्धार भएको छ, भने तीनवटा भाले चितुवा, एक पोथी चितुवा तथा एक रतुवा मृग, एक दुम्सी मृत अवस्थामा फेला पारिएको थियो भने मृगको एक बच्चा जिउँदै अवस्थामा फेला पारिएको हो । दुम्सी मृत अवस्थामा फेला परेको छ ।

वन कर्मचारीप्रति बदलाको भावना, जङ्गलमा घाँस पलाउने धारणा, वनमा रहेका बोटबिरूवामा राम्रो फल फल्ने आशा, चोरी सिकारीले जङ्गलीजन्तुको सिकार गर्न सहज बनाउने उद्देश्यले जिल्लाका सामुदायिक वनमा डढेलो लगाउने गरेको बताइन्छ । सामुदायिक वनमा डढेलो लाग्न नदिन जिल्ला वन डिभिजन कार्यालयले जिल्लाका विभिन्न स्थानमा चेतनामूलक होडिङबोर्ड राख्नुका साथै डढेलोबाट हुने बेफाइदा, हानिनोक्सानी र कानुनी व्यवस्थाका बारेमा प्रचारप्रसार गर्दै आएको जनाएको छ ।

# सुदूरपश्चिम प्रदेशमा वसन्ते मकै खेती विस्तार गरिँदै

सुदूरपश्चिम, १६ वैशाख । मकैको आयात प्रतिस्थापनसँगै किसानको आम्दानी वृद्धि गर्ने लक्ष्यका साथ सुदूरपश्चिम प्रदेशमा मकैखेती विशेष कार्यक्रमअन्तर्गत वसन्ते मकैखेतीको विस्तार भइरहेको छ ।

कैलाली र कञ्चनपुरमा अभियानकै रूपमा गर्न लागिएको वसन्ते मकैखेतीका लागि सरकारले बीउमा अनुदान, सिँचाइ र अन्य प्राविधिक सहयोग गरेको छ । वसन्ते मकैखेती विस्तारलाई विशेष कार्यक्रममा समावेश गरिएको कैलाली कृषि ज्ञान केन्द्रका प्रमुख खगेन्द्रप्रसाद शर्माले जानकारी दिनुभयो ।

मुख्यमन्त्री बृहत् तथा विशेष कार्यक्रममा समेटिएको वसन्ते मकैखेती पहिलो वर्ष कैलालीको गौरीगङ्गा, घोडाघोडी, कैलारी, जानकीनगर, लम्कीचुहा, टीकापुर र कञ्चनपुरको पुनर्वास, बेलडाँडी, बेलौरीलगायत क्षेत्रमा गरिएको छ । कृषि ज्ञान केन्द्रमार्फत कार्यान्वयन भइरहेको खेती आगामी तीन वर्षभित्रमा थप क्षेत्रफलमा विस्तार गर्ने लक्ष्य छ । प्रदेश सरकारले वसन्ते मकैखेतीबाहेक चिप्स बनाउन प्रयोग हुने आलुखेती र मसिनो धानखेतीलाई पनि विशेष कार्यक्रममा समावेश गरेको छ ।

ज्ञान केन्द्रका प्रमुख शर्माले भन्नुभयो, "दाना उद्योगलाई चाहिने कच्चा पदार्थ स्थानीय क्षेत्रबाट नै प्राप्त होस् भन्ने उद्देश्यले मकैखेती विस्तार गर्न लागिएको हो । यसबाट किसानको आयआर्जन वृद्धि हुने र विदेशबाट आयात गरिने दानाको परिमाण घट्दै जानेछ ।"

कैलाली, कञ्चनपुरमा सञ्चालनमा रहेका दाना उद्योगका लागि आवश्यक पर्ने मकैलगायतका कच्चा पदार्थ भारतबाट आयात गर्नुपर्ने अवस्था छ । चालु आर्थिक वर्षको नौ महिनामा भारतबाट गड्डाचौकी नाका हुँदै रु. १७ करोड बराबरको ४५ लाख ८३ हजार किलो मकै भित्रिएको छ ।

प्रदेशका सबै जिल्लामा झन्डै ४५ हजार एक सय ९५ हेक्टर जग्गामा बर्खे मकै र वसन्ते मकैखेती गरिएको भए पनि क्वारेन्टीइन कार्यालयका प्रमुख प्रमोद ठगुन्नाले स्थानीय क्षेत्रमा दाना उद्योगका लागि चाहिने मकै पर्याप्त उत्पादन नहुँदा भारतबाट आयात भइरहेको बताउनुभयो । ***रासस***

# कान्तिलोकपथमा आजदेखि १३ घण्टा यातायात सञ्चालनमा

ललितपुर, १६ वैशाख (रासस) । कान्तिलोकपथअन्तर्गत मकवानपुरको हेटौँडा-काठमाडौँ जोड्ने सडक आइतबार बिहानदेखि दैनिक १३ घण्टा खुला गरिएको छ ।

स्तरोन्नतिसँगै मर्मतका लागि गत चैत १ गतेदेखि बन्द गरिएको सो सडक बिहान ९ देखि अपराह्न १२ बजेसम्म र साँझ ६ देखि बिहान ४ बजेसम्म दैनिक खुला गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।

बिहानको समयमा ३ घण्टा र राति १० घण्टा सो सडकमा आवागमन गर्न दिने जिल्ला प्रहरी कार्यालय ललितपुर र सडक डिभिजन कार्यालय हेटौँडाबाट जानकारी प्राप्त भएको प्रहरी नायब उपरीक्षक भण्डारीले बताउनुभयो । सो नियमअनुसार अगामी जेठ १५ गतेसम्म यातायात सञ्चालन हुने उहाँको भनाइ छ ।

ललितपुरको टीकाभैरवदेखि तीनपाने भन्जाङ, भट्टेडाँडा, काल्चे बगुवा हुँदै हेटौँडासम्मको करिब डेढ किलोमिटर सडकमा स्तरोन्नति र मर्मतको काम भइरहेको छ ।

**Local Government**

**Madhyapur Thimi Municipality**

Office of the Municipal Executive
Madhyapur Thimi, Bhaktapur
Bagmati Province, Nepal

**Invitation/Re-Invitation for Sealed Quotation**

Date of Publication : 2081/01/17

The Office of the Municipal Executive, Madhyapur Thimi Municipality Invites/Re-invites Sealed Quotation from Nepalese Eligible Suppliers for the following Supply and Delivery of Goods Under Sealed Quotation Procedures. Eligible Suppliers may obtain further information from the Madhyapur Thimi Municipality, Madhyapur Thimi, Bhaktapur during office hours.

| S.N. | Contract Identification No. | Description of Project | Bid Document Fee | Bid Security Amount | Remarks |
|---|---|---|---|---|---|
| 1 | MTM/Goods/SQ /05/2080/081 | Supply, Delivery, Fabrication, Installation and Commissioning of Crematorium at Kwaa Chhen, Ward No.-4 | 1,000.00 | 28,000.00 | First Date of Publication: 2080/12/29 Date of Second Publication: 2081/01/17Re-Invitation for Sealed Quotation |
| 2 | MTM/Goods/SQ /06/2080/081 | Supply, Delivery, Fabrication, Installation and Commissioning of Crematorium, Ward No.-7 | 1,000.00 | 28,000.00 | First Date of Publication: 2081/01/17 Invitation for Sealed Quotation |

**Madhyapur Thimi Municipility,**
**Madhyapur Thimi, Bhaktapur.**

। सम्पादकीय ।

# क्रान्तिकारी पार्टीबिना देशमा आमूल परिवर्तन असम्भव

देशमा परिवर्तनको लागि क्रान्तिकारी पार्टीको खाँचो हुन्छ । क्रान्तिकारी पार्टीबिना देशमा आमूल परिवर्तन असम्भव हुन्छ । क्रान्तिकारी पार्टीका नेता तथा कार्यकर्ता जनताका आँखा र कान हुन्; देश र समाजका सम्पत्ति हुन् । पार्टीको विचार क्रान्तिकारी छैन, नेता तथा कार्यकर्ताहरू क्रान्तिकारी छैनन् भने जतिसुकै दल ठुलो भए पनि, जति पटक सरकारमा गए पनि मौलिक परिवर्तन हुँदैन; देशमा भइरहेको पनि छैन । देशमा एमाले र माओवादीजस्ता ठुला भनिने कम्युनिस्ट पार्टीको नेतृत्वमा सरकार पुगेकै हो; सरकार सञ्चालन भएकै हो । तर, कम्युनिस्टको सिद्धान्त, विचार र मूल्य-मान्यताअनुसार यहाँ कुनै सरकारी गतिविधि भएन, सरकारी निर्णय भएन । बरू उल्टो ती दलका नेताहरूको कारण कम्युनिस्ट पार्टीहरूको बदनाम भयो; अन्य सच्चा कम्युनिस्ट पार्टीलाई पनि अप्ठेरो भयो । यसकारण, देशमा परिवर्तन चाहने देशभक्त पार्टी, नेता, कार्यकर्ता तथा जनताले कम्युनिस्टको नाउँमा कम्युनिस्टविरोधी गतिविधि गर्ने, कम्युनिस्टको सिद्धान्त र विचार उल्लङ्घन गरी पुँजीपतिवर्गको पृष्ठपोषण गर्ने, विदेशी दलालको सेवा गर्ने दल र दलका नेता तथा कार्यकर्ताहरूलाई जनताले चिन्नुपर्छ ।

आज देशमा क्रान्तिकारी दल, क्रान्तिकारी नेता र कार्यकर्ताहरूको खाँचो छ । यसकारण, कुन दल ठुलो र सानोभन्दा पनि कुन दलको विचार सही र व्यापक जनताको पक्षमा छ, कुन दलले कुन वर्गका जनताको सेवा गरिरहेको छ ? त्यसको पनि जनताले सही मूल्याङ्कन गर्नुपर्छ । क्रान्तिकारी दल, क्रान्तिकारी नेता तथा कार्यकर्ताहरूको विरोध गर्ने दल र दलका नेताहरूले देशमा परिवर्तन गर्दैनन्; गर्न चाहँदैनन् । परिवर्तनकामी दल र दलका नेता र कार्यकर्ताहरूको विरोध गर्नु परिवर्तनविरोधी विचार हो; त्यो देश र जनताकै अपमान हो । देशमा परिवर्तन नचाहने दलका नेता, मन्त्री, सांसद र कार्यकर्ताहरू पुँजीवादी व्यवस्थामा हुने निर्वाचनबाटै समाजवाद स्थापना गर्नसक्ने भ्रम फैलाउँदै छन् । तिनीहरू कम्युनिस्टको सिद्धान्त र विचार छोड्दै विदेशी शक्ति राष्ट्रहरूको पछि लाग्दै छन्; तिनीहरूको दबाबमा सरकार चलाउँदै छन् ।

चीनका लुसुनले समाज परिवर्तनको निम्ति साहित्य रोजे र क्रान्तिकारी साहित्य लेखेर जनचेतना जगाउने काम गरे । क्यानडाका डाक्टर नर्मन बेथुन क्यानडा कम्युनिस्ट पार्टीको निर्देशनमा स्पेन पुगे र क्रान्तिकारी जनताको सेवा गरे । पछि उनी चीन पुगे । चिनियाँ जनताले जापानी आक्रमणको विरोधमा सङ्घर्ष गरिरहेको बेला घाइते र रोगीहरूको रातदिन सेवा गरे । अर्जेन्टिनाका डाक्टर चे ग्वेभारा पनि क्रान्ति र समाजवादको बाटोमा लागे । क्युवाली विद्रोहीहरूसँग क्रान्ति र समाजवादबारे चे ग्वेभाराले छलफल गरे र क्युवाको क्रान्तिलाई समाजवादी क्रान्तिमा फेर्ने वचन दिए र त्यस कार्यमा खटे ।

तर, नेपालमा आफूलाई ठुला भनिने कम्युनिस्टहरू कहिले पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने दलसँग त कहिले प्रतिक्रियावादी त कहिले सङ्घीय र क्षेत्रीयवादी दलसँग साँठगाँठ गर्न पुगे । तिनै दलका नेताहरू जनताको विश्वास जित्न या जनतामा विश्वास जगाउन कहिले समाजवादी मोर्चा, कहिले समाजवादको कुरा खोकेर जनतामाझ झूट कुरा फलाक्छन् । पुँजीपतिवर्गले कम्युनिस्टको विरोध गर्नु स्वाभाविक हो । तर, नेपालमा कम्युनिस्टले कम्युनिस्टको सिद्धान्तको विरोध गर्छ । कम्युनिस्टको विरोध गरेर पुँजीपतिवर्गलाई खुसी पार्छ; विदेशी दलाल र विदेशी शक्ति राष्ट्रहरूलाई खुसी पार्छ । यो कम्युनिस्टविरोधी चरित्र हो । ठुला भनिने शासक कम्युनिस्टहरूको यस्तै गतिविधि र चरित्रले गर्दा देशमा पुँजीवादी पार्टी, प्रतिक्रियावादी र स्वतन्त्र भनिने दलले फाइदा लिइरहेका छन् । यसले नेपालको कम्युनिस्ट पार्टी र कम्युनिस्ट आन्दोलनलाई पछि धकेल्छ र देशको परिवर्तनमा पछाडि धकेल्छ ।

## १३५ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस

# नेपाल क्रान्तिकारी मजदुर सङ्घको अपिल

**- मे १ अन्तर्राष्ट्रिय श्रमिकहरूको विजय दिवस**

आजभन्दा करिब डेढसय वर्षअघि उद्योग तथा कलकारखानामा काम गर्ने मजदुरहरूले दैनिक १८ घण्टासम्म काम गर्नुपर्थ्यो । मजदुरले नाममात्रको ज्याला पाउँथे । मजदुरले सुख्खा रोटीसँग एक टुक्रा प्याज खान पाउँथे, तिनको आधा पेट पनि भरिन्नथ्यो । तिनको बास छाप्रोमा हुन्थ्यो । नाबालकहरूलाई समेत दिनको १२-१३ घण्टा काम गराइन्थ्यो ।

यस्तो परिवेशमा दिनको ८ घण्टा काम र ज्याला बढाउने माग राखी संरा अमेरिकाका मजदुरहरूले आन्दोलन सुरु गरे । १ मे १८८६ का दिन देशव्यापी हडतालको आह्वान भयो । शिकागो सहर सङ्घर्षको केन्द्र थियो । मे १ र २ को हडताल शान्तिपूर्ण थियो । मे ३ को दिन प्रतिक्रियावादी सरकारले हडतालमा सहभागी नि:शस्त्र मजदुरहरूमाथि गोली चलायो । सरकारको गोलीबाट ५ मजदुर मारिए र ५० जना गम्भीर घाइते भए । मे ४ को दिनको गोलीकाण्डको विरोधमा मजदुरहरूले विशाल प्रदर्शन र सभा आयोजना गरे । सरकारकै एक गुप्ती पुलिसले उत्तेजना फैलाउन पुलिसमाथि बम हान्यो । यसरी, सरकारले मजदुर आन्दोलन दबाउने जालसाजी गर्‍यो ।

सरकारले मजदुरको सभामाथि दनादन गोली बर्साउन थाल्यो । गोलीकाण्डमा धेरै मजदुर मारिए र अनगिन्ती घाइते भए । पुँजीवादी सरकारको न्यायालयले बम काण्डको झूटो आरोप लगाई मजदुर नेताहरूलाई फाँसी दियो । मजदुर नेताहरूलाई फाँसी दिएको समाचारसँगै संरा अमेरिकाका सारा मजदुरहरू सरकारको विरोधमा ज्वालामुखीको आगोझैँ उठे । यसरी, मजदुर आन्दोलन अगाडि बढ्यो ।

मजदुरको रगत पसिनाले मोटाएका पुँजीपतिवर्ग मजदुर आन्दोलनको अगाडि घुँडा टेक्न बाध्य भयो । मजदुरको आठ घण्टा कामको दिन र ज्याला बढाउने माग पूरा भयो । मजदुरको आन्दोलन र बलिदान खेर गएन । १८८९ मे १ मा फ्रान्सको राजधानी पेरिसमा विश्वका मजदुरहरूको अन्तर्राष्ट्रिय भेला भयो । भेलाले मजदुरहरूको विजय भएको दिन मे १ मा अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउने निधो गर्‍यो ।


**- अशान्ति, हिंसा, युद्धको कारक पुँजीवाद एवम् साम्राज्यवाद**

मजदुरवर्गका महान् गुरु कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले आदिम साम्यवादी समाजबाहेक मानव समाजको आजसम्मको इतिहास वर्गसङ्घर्षको इतिहास भएको बताउनुभयो । दास मालिकविरुद्ध दासहरूको विद्रोह, सामन्त र जमिनदारहरूविरुद्ध भूदास र जोताहा किसानको विद्रोह, पुँजीपतिवर्गविरुद्ध मजदुर र सर्वहारावर्गको विद्रोह वर्गसङ्घर्षकै सिलसिला हो । पुँजीवाद एवम् साम्राज्यवादको विरुद्ध विश्वका न्यायप्रेमी जनता र मजदुरवर्गको सङ्घर्ष बढ्दो छ ।

चार-पाँच सय वर्ष पुरानो पुँजीवादमा मानव जीवन झन् कष्टकर बन्दै छ । सन् १८३१ को फ्रान्सको लियोन सहरका मजदुरहरूले 'काम गरेर जिऔँ वा लड्दा लड्दै मरौँ' लेखिएको झन्डा बोकी सहर कब्जा गरेका थिए । सन् १८४८ मा बेलायतका ५० लाख मजदुरहरूले हस्ताक्षरसहितको मागपत्र ( चार्टर) संसद्मा पेस गरे । संसद्ले मागपत्र स्वीकार गर्ने हो या राज्यशक्ति कब्जा गर्न कामदार वर्गलाई विद्रोह गराउने भन्ने प्रश्न त्यसमा उल्लेख थियो ।

विश्वमा अशान्ति र युद्धको कारक पुँजीवाद एवम् साम्राज्यवाद हो । संरा अमेरिकालगायत साम्राज्यवादी देशहरूले विश्व व्यापार सङ्गठन, विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष र एसियाली विकास बैङ्कमार्फत गरिब देशहरूको प्राकृतिक स्रोत, जनशक्ति र बजारलाई कब्जा गरी लुट मच्चाउँदै छन् । अमेरिकी साम्राज्यवादले सिरियामा पैसाको लागि लड्ने विद्रोहीहरूलाई हतियार र डलर सहयोग गर्दै छ । युद्धको कारणले सिरियाको ठुलो जनधनको क्षति भएको छ । इराक र लिवियाजस्ता सार्वभौमसत्ता सम्पन्न देशमाथि आक्रमण गरी तेलखानी कब्जा गरेका साम्राज्यवादीहरूले प्रजग कोरिया क्युवाजस्ता समाजवादी देशविरुद्ध ७ दशक अघिदेखि नाकाबन्दी लगाउँदै युद्धको धम्की दिँदै छन् । अहिले संसारको ८० प्रतिशत स्रोतसाधनमाथि ०.००४ प्रतिशत मात्र रहेका शोषकवर्गले कब्जा गरेको छ । धनी र गरिबबिचको दुरी बढ्दै छ । पुँजीवादी आर्थिक सङ्कटको कारणले उठ्ने मजदुर आन्दोलनको धक्काले नै पुँजीवाद एवम् साम्राज्यवाद बालुवाको घरझैँ भत्किनेछ । मजदुर आन्दोलनले समाजवाद स्थापना गरी छाड्नेछ ।

युक्रेनमा रुसविरुद्धको अमेरिकी साम्राज्यवादको छद्मयुद्ध सुरु भएको दुई वर्ष भयो । अमेरिकी साम्राज्यवादको हतियार सहयोग पाएको इजरायली फासीवादले प्यालेस्टिनी भूमि कब्जा र जातीय नरसंहार



गरेको पनि ६ महिना बित्यो । अमेरिकी रक्षामन्त्रीले युक्रेन युद्धमा अमेरिकी हतियार व्यापारीहरूले धेरै नाफा कुम्ल्याएको बताए । यसै क्रममा इजरायलले ड्रोन आक्रमण गरी ८ इरानीको हत्या गर्‍यो । इरानले पनि इजरायलमा ड्रोनमार्फत जवाफ दियो । तर, अमेरिकी साम्राज्यवादले इरानको ड्रोनलाई विफल पारी इजरायललाई सुरक्षा गर्‍यो । संसारमा अशान्ति, हिंसा, युद्ध अन्त्यको लागि पुँजीवाद र साम्राज्यवादको अन्त्य हुनु जरुरी छ ।

**- मजदुर वर्गसँग हार्नको लागि बाँधिएको सिक्रीबाहेक अरू केही छैन**

सन् १८४८ मा मार्क्स-एङ्गेल्सले कम्युनिस्ट घोषणापत्र लेखेर सर्वहारावर्ग र मजदुरवर्गसँग हार्नका लागि बाँधिएको सिक्रीबाहेक केही नभएको तर जित्नको लागि सारा संसार भएको स्पष्ट पार्नुभयो । उहाँहरूले पुँजीवादको उत्थान, विकास र पतनको नियम ( मार्क्सवादी दर्शन) प्रतिपादन गर्नुभयो । सन् १८७१ मा मजदुरवर्गको पहिलो राज्य पेरिस कम्युन स्थापना भयो । १९१७ को अक्टोबर समाजवादी क्रान्तिले सोभियत सङ्घको स्थापना गर्‍यो । त्यसको प्रकाश युरोप, एसिया, अफ्रिका र दक्षिण अमेरिकासम्म फैलियो । सोभियत सङ्घका नेता लेनिन र स्तालिनको निधनपछि त्यहाँका नेताहरूमा देखापरेको विश्वासघात (संशोधनवाद) र पिपलपाते (अवसरवाद) प्रवृत्तिको कारण सन् १९९१ मा सोभियत सत्ता विघटन भयो ।

वर्ग रहेसम्म वर्गसङ्घर्ष चालु हुन्छ । सन् २०१६-२०१७ मा संरा अमेरिकाको जनताले तिरेको करबाट पुँजीपतिवर्ग वा बैङ्कहरूलाई अनुदान दिइएपछि 'वालस्ट्रिट कब्जा गर' आन्दोलन सुरु भयो । अहिले रुसी जनता सोभियत सङ्घ पुन:स्थापनाको लागि सङ्घर्ष गर्दै छन् । एक्काइसौँ शताब्दी मजदुर आन्दोलन र समाजवादको युग हुनेछ ।

**- देशको परिस्थिति**

नेपालको राजनीतिमा शासक दलहरूबिच सिद्धान्तहीन निर्वाचन गठबन्धन र सत्ता गठबन्धन भइरहेको लामो समय भयो । २०७४ सालको स्थानीय निर्वाचनमा नेका र माओवादीको निर्वाचन गठबन्धन भयो भने ६ महिनापछिको संसदीय निर्वाचनमा एमाले र माओवादीको गठबन्धन भयो । एमाले र माओवादीबिचको सिद्धान्तहीन पार्टी एकताअनुसारको सरकार साढे दुई वर्ष पनि टिकेन । लगत्तै माओवादी र नेकाको सत्ता गठबन्धन बन्यो ।

२०७९ को स्थानीय तह र संसद्को निर्वाचनमा नेका, माओवादी, एस (माधवकुमार नेपाल), जसपा ( उपेन्द्र यादव), राजमो (चित्रबहादुर केसी) बिच गठबन्धन भयो तर सरकार भने एमाले, माओवादी, रास्वपा, राप्रपा, जसपा, लोसपा, जनमत, नाउपाको गठबन्धनबाट बन्यो । राष्ट्रपतिको निर्वाचनलगत्तै नेका, माओवादी, एस, जसपा, लोसपा, जनमत, नाउपाको सत्ता गठबन्धन बन्यो । यो गठबन्धन पनि एक वर्षमै भत्कियो । २०८० फागुन १२ देखि एमाले, माओवादी, रास्वपा, जसपा, एस, नाउपाको सत्ता गठबन्धन छ । कहिले एमाले सत्ता बाहिर कहिले नेका सत्ता बाहिरको खेलजस्तै भइरहेको छ किनभने यो सत्ता गठबन्धन 'तिहुन चखुवाहरू' को हो ।

पुँजीवादी प्रजातन्त्रमा कुनै पनि बेला प्रतिगामीहरूको 'कु' (प्रतिक्रान्ति) हुन्छ । २०१७ पुस १ गते निर्वाचित सरकारलाई अपदस्थ गरियो । २०५९ असोज १८ मा प्रतिनिधिसभा विघटन गरियो । २०६१ माघ १९ मा तत्कालीन राजा ज्ञानेन्द्रले सत्ता कब्जा गरे । प्रतिक्रान्तिका यी केही उदाहरण हुन् । सिद्धान्तहीन निर्वाचन मोर्चा र सत्ता गठबन्धन पनि प्रतिक्रान्तिजस्तै हो । सरकार संसद्प्रति जवाफदेही नहुने, संसद् जनताप्रति जवाफदेही नहुने, माफिया र अपराधीहरू नै राजनीतिक आवरणमा शासक दलको सांसद र मन्त्री हुने, संसद्लाई प्राज्ञिक थलो नबनाउने, देश र जनताविरोधी विधेयक र सम्झौता संसद्को बहुमतबाट पारित हुने, संसद्मा राजनीतिक दलका सांसदहरूलाई बोल्नसमेत नदिने अवस्था पनि 'कु' (प्रतिक्रान्ति) जस्तै हो ।

स्रोत नखुलेको सम्पत्तिमा कर लगाई वैध बनाउने विधेयक संसद्को बहुमतबाट पारित हुनु चोरीको सामानमा सरकारले भागबन्डा लिनुजस्तै हो । स्वास्थ्यलाई हानि हुने पोका पारिएका तयारी खाद्यान्न चाउचाउ, चिसो पेयपदार्थ, फलफुलको रसलगायत विषादी भएको तरकारी र खाद्यान्न बिक्रीमा रोक लगाउन नसक्ने 'खाद्य स्वच्छता विधेयक' संसद्को बहुमतबाट पारित हुनु जनघात नै हो । चुरेको गिटी-ढुङ्गा-बालुवा दोहन गराउने र तराईलाई मरुभूमि बनाउने निर्माणमुखी सामग्री विधेयक संसद्को बहुमतबाट पारित हुनु देशघात हो ।

दक्षिण एसिया र दक्षिणपूर्वी एसियाका पाकिस्तान र चीनलाई बाहिर राखी भारतीय एकाधिकार पुँजीको पदचिह्नमा लागेर 'बिम्स्टेक बडापत्र' संसद्को बहुमतबाट पारित हुनु असंलग्न परराष्ट्र नीतिविपरीत हो ।

नेपाली काङ्ग्रेस विदेशी पुँजीको सेवा गर्ने पार्टी हो । २०४६ सालपछि सरकारमा गएको नेकाको सरकारले नीतिगत भ्रष्टाचार गरी नेपाल जुट विकास तथा व्यापार कम्पनी, हिमाल सिमेन्ट कम्पनी, हेटौँडा कपडा उद्योग, वीरगञ्ज चिनी कारखाना, कृषि चुन उद्योगलगायत १२ ओटा सार्वजनिक संस्थान खारेज गर्‍यो भने भृकुटी कागज कारखाना (बिक्री), हरिसिद्धि इँटा टायल कारखाना ( बिक्री), बाँसबारी छालाजुत्ता कारखाना (बिक्री), बालाजु कपडा उद्योग (शेयर बिक्री), विराटनगर जुटमिलको (शेयर बिक्री), भक्तपुर इँटा टायल कारखाना (सम्पत्ति बिक्री र जग्गा भाडामा), लुम्बिनी चिनी कारखाना ( सम्पत्ति बिक्री र जग्गा भाडामा) लगायत १८ ओटा सार्वजनिक संस्थान बेचबिखन गर्‍यो । निजीकरण गरिएका सार्वजनिक संस्थानको प्लटिङमा जग्गा बिक्री भइरहेको छ ।

**- नेपालका शासक कम्युनिस्टहरू के हुनुपर्ने, के भए ?**

कम्युनिस्टहरू कामदार वर्गको सरकार, उत्पादनका मुख्यमुख्य साधन र सेवा सामाजिकीकरण, योग्यताअनुसार काम र कामअनुसारको ज्याला, शोषणको समाप्ति, शिक्षा र स्वास्थ्य नि:शुल्क, स्वदेशमा रोजगारीको पक्षमा हुन्छन् । तर, कम्युनिस्ट दाबी गरेका एमाले, माओवादी, एस, राजमोसमेत पुँजीवादी सरकारमा गएर सार्वजनिक संस्थान कौडीको मूल्यमा बिक्री गर्ने नेकाको सरकारको निर्णयलाई समर्थन गरे ।

नेका र माओवादी तथा एमाले र माओवादीको गठबन्धन सरकारले व्यवस्थापन करारको नाममा नेपाल वायुसेवा निगम बिक्री गर्ने र शेयर बिक्रीको नाममा नेपाल विद्युत् प्राधिकरण पनि बिक्री गर्ने तयारी गर्दै छन् । यसअघि नेका, एमाले, माओवादीको संयुक्त सरकारले नेपाल टेलिकमको शेयर बिक्री गरेर यसको निजीकरणको बाटो प्रशस्त गरेका थिए । एमाले, माओवादी, एसलगायत शासक दलहरूको नाम फरक भए पनि आर्थिक नीति नेकाको भन्दा फरक भएन ।

एसियाली विकास बैङ्कबाट ६३ अर्ब रुपियाँको ऋण ल्याएर बनाएको मेलम्ची खानेपानी आयोजना २५ वर्षसम्म अधुरै छ । २०४६ सालमा नेकाको कृष्णप्रसाद भट्टराईको अन्तरिम सरकारले मेलम्चीको पानी ल्याएर काठमाडौँको सडक धुने दाबी गरेका थिए । अहिले मेलम्ची खानेपानीको मुख (हेडवर्क)

*बाँकी पृष्ठ ५ मा*

# 'विश्वका क्रान्तिकारी महिलाहरू': तुलनात्मक अध्ययन एक अवसर

✍ सुन्दर




'विश्वका क्रान्तिकारी महिलाहरू' को छैटौँ स्थानमा रहेका अलेक्जान्ड्रा कोलोन्ताइबारे २ पृष्ठमा मात्र चर्चा गरिएको पाइन्छ । सन् १८७२ मार्च १९ मा जन्मेका कालोन्ताइको सङ्घर्षको कथा र योगदान वर्गीय तथा लैङ्गिक समानताको अभियानको लागि उत्प्रेरक दस्ताबेज बनेको छ । २०-२१ वर्षको उमेरमा जोडेको वैवाहिक सम्बन्धले जीवनको उद्देश्यलाई अवरोध गरेपछि कोलोन्ताइले सम्बन्ध विच्छेद गरिन् । प्रजातान्त्रिक क्रान्तिमा सक्रिय हुने क्रममा सन् १९०६ मा रुसी सामाजिक जनवादी पार्टीका बोल्शेभिक समूहमा सामेल भइन् । लेनिनलाई सघाएको आरोपमा कालोन्ताइलाई स्वीडेनमा निर्वासित जीवन बिताउन बाध्य पारियो । कोलोन्ताइको सक्रियता रोकेर रोक्न सक्ने स्थिति थिएन । लेनिनका पुस्तकहरू अनुवाद गर्ने र विभिन्न पत्रिकामा लेख लेख्ने सँगसँगै कोलोन्ताइले अक्टोबर क्रान्तिअघि १२३ सभाहरूमा ११ वटा भाषाबाट भाषन गरिन् । क्रान्तिपछि सन् १९२० मा कोलोन्ताइ रुसी कम्युनिस्ट पार्टीको महिला विभागकी प्रमुख भइन् । कूटनीतिज्ञ भई विभिन्न देशबाट सेवा गरेका कोलोन्ताइले कामदार वर्गको पक्षमा कथा र उपन्यासहरू लेखिन् ।

सन् १८८२ मा म्यानचेस्टरमा जन्मेका सिलभिया पानखुस्ट 'विश्वका क्रान्तिकारी महिलाहरू' भित्र समेटिएकी एक मात्र बेलायती हुन् । सन् १९०३ मा आफ्नै आमा इमिलाइन पानखुस्टले स्थापना गरेको सामाजिक र राजनीतिक महिला सङ्घमा आबद्ध भएर लैङ्गिक समानताको लागि सक्रिय भइन् । सन् १९१२ देखि १९२० सम्म महिला मताधिकार र सामाजिक परिवर्तनको मूल उद्देश्य राखी अभियान चलाइन् । सिलभिया वर्गभेद र जातिभेदको विरोधमा जुझारु बनेपछि आमाको महिला सङ्घबाट निष्कासनमा परिन् । सिलभिया बुबा डा. रिचार्ड पानखुस्टले सिकाएको समाजवादी धारमा यथावत् रहिन् । क्लारा र रोजाजस्तै सिलभिया पनि अन्धराष्ट्रवादको विरोधमा लडिन् । प्रथम विश्वयुद्धमा मजदुर किसानका छोराछोरी अर्को देशका सिपाहीसँग लड्नुभन्दा आफ्नै देशको प्रतिक्रियावादी शासकहरूविरुद्ध बन्दुक उठाउनुपर्ने लेनिनको नीतिको दृढ समर्थक रहिन् । सन् १९३६ देखि सिलभियाले प्रकाशन गरेको साप्ताहिक पत्रिका २० वर्षसम्म चल्यो । उक्त पत्रिका हप्तामा ४० हजार प्रतिसम्म बिक्री हुन्थ्यो ।

येनानको गुफामा गएर माओ त्सेतुङको अन्तर्वार्ता लिने अन्ना लुइस स्ट्रङ्गको जन्म सन् १८८५ संरा अमेरिकाको नेब्रास्कामा भयो । विश्व जगत्लाई साम्राज्यवादी आणविक आतङ्कबाट मुक्त गराउने 'साम्राज्यवाद कागजको बाघ भएजस्तै आणविक बम पनि कागजको बाघ हो' भन्ने माओको अमरवाणी पत्रकार अन्नाले नै बाँकी विश्वलाई अवगत गराएकी हुन् । कार्ल मार्क्सले जस्तै २३ वर्षको उमेरमै दर्शनशास्त्रमा विद्यावारिधि (पीएचडी) गरेका अन्ना पहिलो विश्वयुद्धमा आफ्नो देश संरा अमेरिकाको साम्राज्यवादी नीतिको विरोधमा लडिन् । संरा अमेरिकामा छँदै सन् १९१८ मा लेनिनको भाषण सम्पादन गरी २० हजार प्रति छपाएर उत्तरपश्चिम अमेरिका तथा क्यानाडामा वितरण गरिन् । अन्ना ३० वर्षसम्म सोभियत सङ्घमा बसेर लेखन-प्रकाशन क्षेत्रमा सक्रिय भइन् । मेक्सिको, संरा अमेरिका, सोभियत सङ्घ, लाओस, चीनको विभिन्न प्रान्तमा पटक पटक भ्रमण गरी रिपोर्ट तयार पारेका अन्नाले सोभियत र चिनियाँ क्रान्तिको पक्षमा र साम्राज्यवादको विपक्षमा जनमत तयार पार्न जीवनभर निकै लेख तथा पुस्तक प्रकाशन गराएका छन् । रातरातभर टाइप गर्न पनि नथाक्ने अन्नाको टाइपराइटरको आवाज सन् १९७० मार्च महिनामा ८५ वर्षको उमेरमा सदाको लागि बन्द भयो ।

अन्नाजस्तै चीनको क्रान्तिलाई मद्दत गर्ने अर्को पत्रकार एग्नेज स्मेडको जन्म सन् १८९२ संरा अमेरिकाको मिसौरीमा भयो । विद्रोही प्रवृत्तिका एग्नेजको न्युयोर्कमा भारतीय लाला लाजपत रायसँग भेट भयो । एग्नेजले भारतीय इतिहास र अवस्थाबारे जानकारी पाइन् । सन् १९१९ मा एग्नेज जर्मनी पुगिन् । त्यहाँ भारतीय वीरेन्द्रनाथ चट्टोपाध्यायसँग विवाह गरिन् । सन् १९२१ मा भारतीय प्रतिनिधिमण्डलको एक सदस्यको रूपमा सोभियत सङ्घ भ्रमण गरिन् । सन् १९२१-२८ सम्म बर्लिन विश्वविद्यालयमा अध्यापन गरिन् । सन् १९२८ मै पत्रकारको रूपमा एग्नेज चीनको विभिन्न प्रान्तमा पुगिन् । 'चिनियाँ भाग्य' पुस्तक लेखिन् । देशप्रति गम्भीर मानिसहरूलाई भेटाउने क्षमता भएका एग्नेजले पटक पटक चीन भ्रमण गर्दा चीनका नेताहरू, साहित्यकारहरूसँग अन्तरसंवाद गरिन् । चिनियाँ क्रान्तिबारे रेडियोमार्फत पनि बाँकी विश्वका जनतालाई सचेत गराउने एग्नेजले चिनियाँ नेता चु-तेहको जीवनी प्रकाशन गरिन् । क्रान्तिपछि चीन आउने एग्नेजको इच्छा पूरा नभए पनि उनकै इच्छानुसार उनको अस्तु चीन लगिएको थियो ।

चिनियाँ गणतन्त्रका पहिलो राष्ट्रपति सन यात सेनका श्रीमती सुङ चिङ लिङको जन्म सन् १८९५ शाङ्घाईमा भयो । आफ्नो बुबासँगको सम्बन्धको कारण सुङ र सन यात सेनबिच परिचय भयो । राजनीतिक विचार मिलेको कारण सन् १९१४ मा ४९ वर्षीय सेनसँग १९ वर्षकी सुङको विवाह जापानमा भयो । सुङकी बहिनी सुङ मै लिङले कोमिङताङकै नेता च्याङकाइ सेकसँग विवाह गरिन् । संरा अमेरिकामा हुर्केका सुङले चिनियाँ कम्युनिस्ट पार्टी र कोमिङताङबिच सम्बन्ध सुदृढ बनाउन ठुलो योगदान दिइन् । सन यात सेनको तीन सिद्धान्त राष्ट्रियता, प्रजातन्त्र र जनताको जीविकालाई वामपन्थी ढङ्गबाट व्याख्या गर्ने सुङ क्रान्तिपछि सन् १९६८ सम्म चिनियाँ जनप्रतिनिधिसभाको उपाध्यक्ष भई सेवा गरिन् । केही समय चिनियाँ कार्यवाहक राज्य प्रमुखको जिम्मेवारी सम्हालेका सुङ सन् १९७१ मा फेरि जनप्रतिनिधिसभाको उपाध्यक्ष भइन् ।

सन् १८९५ मै चीनमा जन्मेका शियाङ चिङ यू सन् १९२३ मा चिनियाँ कम्युनिस्ट पार्टीको पहिलो महिला केन्द्रीय सदस्य भइन् । सामन्ती रीतिरिवाज र स्वास्नीमानिसहरूमाथि हुने असमानताको विरोध गर्दै हुर्केकी शियाङ माओ त्सेतुङसँग मिलेर जन अध्ययन मण्डलमा सामेल भएकी थिइन् । सन् १९१९ मा 'काम र अध्ययन गर्ने कार्यक्रम' अन्तर्गत पुनः निर्माणमा काम र अध्ययन गर्न चाउ एन लाई र तङ श्यायो पिङजस्तै शियाङ फ्रान्समा गइन् । पेरिसमा चिनियाँ युवाहरू मजदुर आन्दोलन र मार्क्सवादबाट प्रशिक्षित भए । फ्रान्सबाट फर्केपछि शियाङ याङ्सी नदी किनार, साङघाईलगायत क्षेत्रका महिला मजदुरहरूबिच सक्रिय भइन् । सन् १९२७ मा च्याङकाई सेकले कम्युनिस्ट कोमिताङको संयुक्त मोर्चालाई विश्वासघात गरी साम्राज्यवादीहरूसँग मिल्न गएपछि शियाङ भूमिगत भइन् । शियाङले सशस्त्र शक्तिलाई पुनः सङ्गठन गर्ने, हातहतियार सङ्कलन गर्ने र आधार इलाका निर्माण गर्ने जिम्मा पाएकी थिइन् । सन् १९२८ मा शियाङ फ्रान्सेली इलाकामा पक्राउ परिन् । उनले फ्रान्सेली भाषामै भनिन्, "स्वतन्त्रता, समता र भ्रातृत्त्वको नारा फ्रान्सकै हो । के तिमीहरूले मेरो स्वतन्त्रतामा हस्तक्षेप गर्दै छौ ?" फ्रान्सेलीहरूले शियाङलाई कोमिङताङ सरकारलाई सुम्प्यो । शियाङले निडर भएर भनिन्, "क्रान्तिकारीहरू बगरेको चुपीबाट डराउँदैनन् ।"

जापानी साम्राज्यवादविरुद्ध दृढतापूर्वक लडिरहेको क्रान्तिकारी परिवारमा सन् १९१७ डिसेम्बर २४ का दिन किम जोङ सुकको जन्म भयो । सुकका हजुरबुबा र बुबाले देशभक्तिपूर्ण लडाइँमा शहादत प्राप्त गरेका थिए । दाइ पनि टाढाटाढा जिल्लासम्म गई क्रान्तिकारी गतिविधिमै सक्रिय थिए । पारिवारिक वातावरणबाटै किम जोङ सुकले कोरियाली जनताको असहनीय दुःख र कोरियाको दुर्भाग्यको कारण जापानी साम्राज्यवाद र देशद्रोहीहरू हुन् भन्ने बुझिन् । १४ वर्षको उमेरमै सुक क्रान्तिकारी बाल सङ्गठनमा प्रवेश गरिन् । १५ वर्षको उमेरमा कोरियाली युवा कम्युनिस्ट लिगको सदस्य भइन् । सुक १८ वर्षको हुँदा पहिलोपटक सेनापति किम इल सङसँग भेट भयो । सेनापति किम इल सङको क्रान्तिकारी विचार रक्षा गर्न कटिबद्ध किम जोङ सुकले किम इल सङलाई हत्या गर्ने शत्रुको योजनालाई पनि ध्वस्त पारिन् । क्रान्तिकै क्रममा किम जोङ सुकको सेनापति किम इल सङसँग विवाह भयो ।

दक्षिण भियतनामको सशस्त्र मुक्ति सेनाका उपसेना नेतृ न्गुयन थि डिन्हको जन्म मिति 'विश्वका क्रान्तिकारी महिलाहरू' पुस्तकमा छैन । यद्यपि, सन् १९३० को विद्रोहमा आफ्नो दाजु जेल पर्दा ११ वर्ष पुगेको बताइएको हुँदा उनको जन्म सन् १९१९ मा भएको बुझ्न सकिन्छ । क्युवाली पत्रकारहरूले अन्तर्वार्ता गरेर तयार पारिएको आत्मपरक शैलीको परिचयात्मक रचनाबाट सानै उमेरदेखि नै न्गुयन थि डिन्ह फ्रान्सेली साम्राज्यवादविरुद्ध क्रान्तिमा होमिएको थाहा पाइन्छ । भियतनामको बेन्ट्री प्रान्तमा हतियार उठाउने पहिलो व्यक्ति नै न्गुयन थि डिन्ह थिइन् । सन् १९३५ मा क्रान्तिकारी गतिविधिमा सक्रिय भएपछि नै लेखपढ गर्न सिकेका डिन्हलाई जिउँदै समातेर ल्याउनेलाई ५ लाख रूपैयाँ पियास्टर र मार्नेलाई १ लाख इनाम दिने घोषणा गरिएको थियो । समुन्द्रमा आँधीबेरी आउँदा वा सुरुङमा शत्रुले पक्राउ गर्दा धेरैपटक जनताको सहयोगबाट बाँचेका डिन्हले त्यो व्यक्तिगत जीवनको सफलता नभई क्रान्ति, जनता र क्रान्तिकारी नेताहरूको सफलताको रूपमा अर्थ्याउँथिन् ।

सोभियत क्रान्तिकारी जोया कस्मोदिम्यान्स्कायाको जन्म मिति पनि यस किताबमा छैन । सन् १९४१ मा जोयालाई झुण्ड्याएर मार्दा १८ वर्ष उल्लेख हुनुले उनको जन्म सन् १९२३ मा भएको मान्न सकिन्छ । दोस्रो विश्वयुद्धमा जर्मनले कब्जा जमाइसकेको सोभियत भूभागहरूमा बसेर बहादुरीपूर्वक सङ्घर्षरत जोयाले त्यस क्षेत्रको टेलिफोन धुजाधुजा पारिसकेकी थिइन् । जर्मन सेनाको तबेलामा आगो लगाउन लाग्दा जोया पक्राउ परिन् । जोयालाई चरम यातना दिइयो । उनको पिठ्यूँ, खुट्टा, हात र जिउभरि कोर्दाको निलडामै निलडाम थिए । अदम्य साहसका धनी जोयाले अन्तिम समयसम्म भनिन्, "मेरा पछाडि २० करोड जनता छन् र तिनीहरू सबैलाई तिमीहरू मार्न सक्नेछैनौ ।"

भिल्मा एस्पिन गुइलोइसको जन्म सन् १९३० अप्रिल ७ को दिन क्युवाको सान्टियागोमा भएको थियो । सन् १९५२ मा संरा अमेरिकी कठपुतली बाटिष्टा सैनिक विद्रोहविरुद्ध विद्यार्थी आन्दोलनमा भिल्मा सक्रिय भइन् । फिडेल क्यास्ट्रोले नेतृत्व गरेको गुरिल्ला युद्धमा मोन्काडा छाउनी आक्रमण असफल भएपछि क्रान्तिकारी सिपाहीहरूलाई भिल्माले आफ्नो घरमा सुरक्षा दिइन् । सन् १९५६ नोभेम्बर ३० मा ग्रान्मा गुरिल्लाले सान्टियागोमा आक्रमण गरी कब्जा गरेपछि भिल्माको घर पार्टीको मुख्य कार्यालय बन्यो । सन् १९५८ देखि क्रान्तिकारी सेना बनेर वीरतापूर्वक युद्ध लडेका भिल्माले क्रान्तिपछि महिलाहरूको सङ्गठनलाई एकीकृत पार्ने जिम्मेवारी पाइन् । क्युवाली संविधान निर्माणको क्रममा संविधानमा महिलाहरूको अधिकार सुनिश्चित गर्न महत्त्वपूर्ण योगदान दिइन् ।

'विश्वका क्रान्तिकारी महिलाहरू' पुस्तकको अन्तिममा, १६ औँ स्थानमा दिइएका सीता बायसको परिचयले उनीबारे थप अध्ययन गर्न घच्घच्याउँछ । १९७७ मे २७ मा भएको सत्ता विप्लवबारे कारण र परिणामको गहिराइमा पुगेर अध्ययन गर्नुपर्ने आवश्यकता बोध गराउँछ ।

सन् १८१४ देखि सन् १९५१ सम्म जन्मेका ९ वटा देशका १६ जना क्रान्तिकारी महिलाहरूको कष्टपूर्ण सङ्घर्ष, उच्च निष्ठा र कामदार जनताप्रति निःसर्त समर्पणका गाथाबाट नेपाली कामदार महिलाहरूलाई क्रान्तिमा होमिन अभिप्रेरित गर्दछ । जीवनीहरूको सङ्कलन र प्रकाशन गर्ने नेक्रामसङ्घलाई बधाई छ ।

***समाप्त***

---

***नेपाल...***

पहिरोमा पुरिएको हुँदा एसियाली विकास बैङ्कबाट थप ५ अर्ब रुपियाँको ऋण ल्याएर बाँध निर्माणको बेला बनाइएको डाइभर्सनबाट पानी ल्याउने सरकारी तयारी सार्वजनिक भयो । काठमाडौँको सेवा सुविधा जिल्ला-जिल्लामा पुऱ्याई देशको सन्तुलित विकास हुने तथा यहाँको स्थानीय खानेपानीका स्रोतहरू संरक्षण गरिएको भए ६८ अर्ब रुपियाँ ऋण लाग्ने मेलम्ची आयोजना आवश्यक पर्ने थिएन । देशको सन्तुलित विकास नहुँदा काठमाडौँ विश्वको पहिलो प्रदूषित सहर भयो भने यहाँका बसोबासीमध्ये धेरैजना फोक्सो, मुटु, किड्नीको रोगबाट मर्ने अवस्था छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मेलम्चीमा ६ अर्ब ४१ करोड रुपियाँको भ्रष्टाचार भएको दाबी गरी मुद्दा पनि दर्ता गऱ्यो । केही वर्षअगाडि मेलम्चीको जिम्मेवारी सम्हालेका एक सचिवले आत्महत्यासमेत गरेको समाचार सार्वजनिक भयो ।

प्रधानमन्त्री भएकाहरूसँग देश विकासको खाका नभएको हुँदा बहुदल र गणतन्त्रका ३५ वर्षयता कुनै एउटा गतिलो कामको भएन । अहिले सरकारको सार्वजनिक ऋण २४ खर्ब पुग्यो, वार्षिक व्यापारघाटा २० खर्ब रुपियाँ पुग्यो, राजस्वभन्दा प्रशासनिक खर्च ३ खर्ब बढ्यो । ८० लाख युवालाई वैदेशिक रोजगारीमा पठाइएको छ । वैदेशिक रोजगारीमा पठाइएका नेपाली चेलीबेटीहरूमाथि दुर्व्यवहार भोगिरहेका छन् । नयाँ शासक पार्टी राष्ट्रिय स्वतन्त्र पार्टी पनि गठबन्धन सरकारमा गएर साक्षी बस्दै छ ।

**- पुँजीवादी सरकारले देशको भलो नगर्ने**

दशौँ शताब्दीमा बेलायत र फ्रान्समा भूदास प्रथा सुरु भयो । भूदासको अर्थ भूमिसँग बाँधिएको दास हो । नेपालका जोताहा किसानहरू सामन्तवर्गलाई कर बुझाउनुपर्ने भूदासजस्तै हो । दास भन्नाले मालिकको सम्पत्तिजस्तै हो । औद्योगिक विकाससँगै सन् १६४९ मा बेलायतमा राजतन्त्र र भूदास प्रथाको विरुद्ध आन्दोलन भयो । बेलायती राजा चार्ल्स प्रथमलाई ज्यान सजाय दिइयो । सन् १७८९ को फ्रान्सेली क्रान्तिले राजा लुई चौधौँ गिलेटिनमा काटिए ।

भूमि जोत्नेहरू प्लेगलगायत महामारीबाट मृत्यु भएपछि सन् १६४९ मा रुसका राजाहरूले जोताहालाई भूदासमा परिणत गरे । रुसका खान्दानीवर्गका छोराछोरी बेलायत, फ्रान्स, जर्मनीमा अध्ययन गरी फर्केपछि रुसको निरङ्कुश राजतन्त्र र भूदास प्रथाको विरोध गरे । सन् १८२५ डिसेम्बरमा भएको यो विद्रोहमा 'रुसी राजा जारलाई ठुलो डाँकु', 'बिन्तीपत्र होइन सैनिक विद्रोह' आदि नारा लाग्यो । सन् १८६१ मा रुसमा भूदास प्रथा समाप्त भयो । सन् १९१७ को फेब्रुअरी क्रान्तिले रुसमा पुँजीवादी सरकार गठन भयो । लेनिन नेतृत्वको बोल्सेभिक पार्टी पुँजीवादी सरकारमा गएन । पुँजीवादी सरकारमा गएका मेन्सेविकहरू राज्यको ढुकुटी लुटपाटमै समाप्त भए । बोल्सेभिक पार्टीले सन् १९१७ अक्टोबरमा समाजवादी क्रान्ति सम्पन्न गऱ्यो । युरोप र अमेरिकामा भएको २-३ सय वर्षको विकास रुसी कम्युनिस्ट पार्टीको नेतृत्वमा ३०-४० वर्षमा भयो ।

मार्क्सवादी र लेनिनवादीहरू पुँजीवादी निर्वाचनमा बहुमत प्राप्त गर्नेतर्फ लाग्दैनन् । नेपालमा कम्युनिस्ट दाबी गरेकाहरू निर्वाचनमा पैसा र सामान बाँड्ने र भोज खुवाउने पुँजीवादी सरकारको भागबन्डा गर्नेमा तल्लीन छन् । राज्य संयन्त्र दुरूपयोग गरेका र त्यसैकारण धेरै स्थान जितेका शासक पार्टीहरूले देश र जनताको हितमा काम गरेनन्, उल्टो शासन र शोषण गरे । ट्रेड युनियनमा बहुमत जितेर पदाधिकारीहरूको अल्पकालीन स्वार्थमात्र हेर्ने र व्यक्तिगतरूपमा आर्थिक एवम् अन्य सुविधा लिने ट्रेड युनियनवादको यो सङ्घले विरोध गर्दै आएको छ ।

नेपाली युवालाई भाडाको सिपाही बनाउने गोर्खा भर्ती, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि, वर्तमान र भविष्यको अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता, अमेरिकी सेना आएर नेपालको सैनिक व्यारेक कब्जा गर्ने एसपीपी साझेदारी, जन्मको आधारमा नेपाली नागरिकता लिएका विदेशीका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिने नागरिकता ऐन खारेज गराउन सङ्घर्ष नगर्ने राजनीतिक पार्टीहरू देशभक्त पार्टी हुने छैनन् ।

वि.सं. २००४ सालमा स्थापना भएको नेपाल क्रान्तिकारी मजदुर सङ्घले देशभरि यही वैशाख १९ गते १३५ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस छलफल, गोष्ठी, प्रवचन, प्रदर्शन, सभा गरी मनाउँदै छ । यो सङ्घको कार्यक्रममा सम्पूर्ण क्रान्तिकारी मजदुर र अन्य साथीहरूको सहभागिताको लागि हार्दिक आग्रह गर्दछौँ ।

**नाराहरू**

मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचारधारा - जिन्दावाद !
संसारका मजदुर - एक होऔँ !
अमेरिकी साम्राज्यवाद - मुर्दावाद !
बाँच्न पाउने ज्यालाको - बन्दोबस्त गर !
भ्रष्टाचारीहरूलाई - मृत्युदण्ड दे !
कालाबजारियालाई - कारबाही गर !
बढ्दो महँगी - नियन्त्रण गर !
भारतीय विस्तारवाद - मुर्दावाद !
लगानी बोर्ड - खारेज गर !
एमसीसी सम्झौता - खारेज गर !
गोर्खा भर्ती - खारेज गर !
सन् १९५० को सन्धि - खारेज गर !
रासायनिक मल - व्यवस्था गर !
देशघाती नागरिकता ऐन - खारेज गर !
नेपाल क्रान्तिकारी मजदुर सङ्घ - जिन्दावाद !
नेपाल मजदुर किसान पार्टी - जिन्दावाद !

२०८१ वैशाख १९ गते

***नेपाल क्रान्तिकारी मजदुर सङ्घ***




**दक्षिण कोरिया मे दिवस :**
दक्षिण कोरियाको सियोलमा प्रवासी कामदार र कोरियाली कन्फेडेरेसन अफ ट्रेड युनियनका सदस्यहरू अप्रिल २८, २०२४ आइतबारका दिन आप्रवासी श्रम अधिकारका लागि भएको ऱ्यालीमा । मे १ मा पर्ने श्रम दिवसको अवसरमा ऱ्याली निकालिएको हो । *तस्बिर : आन यंग-जून/एपी*

# गाजामा युद्धविराम विश्व आर्थिक मञ्चको प्रमुख एजेन्डामा

रियाद, २८ अप्रिल (एएफपी) । गाजामा जारी युद्ध र मध्यपूर्वको तनाव व्यापक समाधानका लागि आइतबार विशेष बैठकको आह्वान गरिएको छ ।

विश्व आर्थिक मञ्चको साउदी अरबद्वारा आयोजित आइतबारदेखि सुरू हुने दुईदिने विशेष बैठकमा गाजामा जारी युद्ध र मध्यपूर्वको तनाव समाधान छलफलको केन्द्रमा रहने अपेक्षा गरिएको छ ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन, प्यालेस्टाइनी नेता र इजरायल र हमासबिच युद्धविरामका लागि मध्यस्थता गर्ने प्रयास गरिरहेका अन्य देशका उच्चपदस्थ अधिकारीहरू विश्वको सबैभन्दा ठूलो कच्चा तेल निर्यातकर्ता साउदी अरबको राजधानी रियादमा हुने शिखर सम्मेलनको अतिथि सूचीमा छन् ।

साउदी अरबका योजनामन्त्री फैजल अल-इब्राहिमले शनिबार आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, "विश्व अहिले सुरक्षा र समृद्धिलाई सन्तुलित बनाउने प्रयासमा छ ।"

"हामी यस्तो क्षणमा भेटिरहेका छौं, जब एक गलत निर्णय वा एक गलत अनुमान वा एक गलत सञ्चारले हाम्रो चुनौतीलाई अझ बढाउनेछ ।

एएफपीले इजरायली आधिकारिक तथ्याङ्कको आँकडाअनुसार अक्टोबर ७ मा हमासले दक्षिणी इजरायलमा गरेको अकल्पनीय आक्रमणबाट सुरु भएको गाजा युद्धका कारण करिब एक हजार १७० व्यक्तिको मृत्यु भएको थियो । मारिनेमा अधिकांश सर्वसाधारण थिए ।

आक्रमणका क्रममा गत अक्टोबर ७ मा लडाकुहरूले कब्जामा लिएका १२९ जना बन्धकहरू अझै गाजामा रहेको र तीमध्ये ३४ जनाको मृत्यु भइसकेको इजरायलको अनुमान छ ।

बैठकमा प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बास, मध्यपूर्व र युरोपका विदेशमन्त्री तथा प्रधानमन्त्रीसमेत सहभागी हुनेछन् ।

उक्त अवसरमा फ्रान्स, जर्मनी, बेलायत र युरोपेली सङ्घका विदेशमन्त्री तथा कतार, जोर्डन, इजिप्ट र इराकका प्रधानमन्त्रीसमेत सहभागी हुनेछन् ।

सम्मेलनमा एक हजारभन्दा बढी सहभागीमध्ये १२ जना राष्ट्राध्यक्ष र सरकार प्रमुखको सहभागिता रहेको ब्रेन्डेले शनिबार जानकारी दिनुभयो ।

सम्मेलनमा वासिङ्टनका उच्च कूटनीतिज्ञ एन्टोनी ब्लिन्केनसमेत सहभागी हुने अपेक्षा गरिएको आयोजक साउदी अरबले जनाएको छ ।

विश्व आर्थिक मञ्च (डब्ल्युइएफ) का अध्यक्ष बोर्गे ब्रेन्डेले शनिबार रियादमा आयोजित पत्रकार सम्मेलनमा अमेरिकी विदेशमन्त्री ब्लिन्केन चीन भ्रमणपछि इजरायल जाने क्रममा साउदी अरबमा पुग्नुहुने कार्यक्रम तय भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "गाजामा हामीले सामना गरिरहेको गतिरोधबाट बाहिर निस्कने सम्भावित उपाय र बन्धकहरूबारे केन्द्रित वार्तामा अब केही नयाँ गति आएको छ । सम्मेलनमा गाजामा जारी मानवीय अवस्था र इरानसँगको क्षेत्रीय पक्षहरूमा पनि छलफल हुने भएकोले यो धेरै परिणामी बैठक बन्ने सबै सम्भावना छन् ।"

हमासले गाजामा सम्भावित युद्धविरामका सम्बन्धमा इजरायलको पछिल्लो प्रति प्रस्तावबारे शनिबार अध्ययन गरिरहेको बताएको छ भने सञ्चार रिपोर्टअनुसार वार्ताको मध्यस्थता गरिरहेको इजिप्टको एक प्रतिनिधिमण्डल अवरुद्ध वार्ता सुरु गर्न इजरायल पुगेको उल्लेख गरिएको छ ।

साउदी अरबले इजरायललाई कहिल्यै मान्यता दिएको छैन तर अक्टोबर ७ मा भएको आक्रमणअघि नै इजरायललाई मान्यता दिनेबारे विचार गरिरहेको छ । रियाद र वासिङ्टनले आफ्नो सुरक्षा साझेदारीलाई अझ मजबुत बनाउने सम्झौतामा वार्ता जारी छ ।

साउदी अधिकारीहरूले गाजामा युद्ध र सम्भावित क्षेत्रीय द्वन्द्वले खाडी राज्यको महत्त्वाकाङ्क्षी दृष्टिकोण सामाजिक र आर्थिक सुधार एजेन्डा-२०३० लाई बाधा पुऱ्याउन सक्ने आशङ्का व्यक्त गरेका छन् ।

# गाजा युद्धले विश्व अर्थतन्त्रमा भावनात्मक प्रभाव परेको साउदी अरबको भनाइ

रियाद, २८ अप्रिल (एएफपी) । इजरायल र हमासबिच जारी युद्धले विश्वव्यापी आर्थिक भावनामा पारेको असरबारे सङ्केत गर्दै साउदी अरबले क्षेत्रीय 'स्थिरता' का लागि आइतबार आह्वान गरेको छ ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन, प्यालेस्टाइनी नेता र इजरायल र हमासबिच युद्धविरामका लागि मध्यस्थता गर्ने प्रयास गरिरहेका अन्य देशका उच्चपदस्थ अधिकारीहरू विश्वका सबैभन्दा ठूलो कच्चा तेल निर्यातकर्ता साउदी अरबको राजधानी रियादमा हुने शिखर सम्मेलनको अतिथि सूचीमा छन् ।

विश्व आर्थिक मञ्च (डब्ल्यूईएफ) को दुईदिने विशेष बैठकको पहिलो प्यानल छलफलमा साउदी अरबका अर्थमन्त्री मोहम्मद अल-जदानले गाजा युद्धसँगै युक्रेन र अन्य स्थानमा भएको द्वन्द्वले आर्थिक 'मुड' मा 'ठूलो दबाव' सिर्जना गरेको बताउनुभएको छ ।

जदानले भन्नुभयो, "देशमा शान्ति कायम हुनु र जनतामा आशाको विकास हुनु आवश्यक छ । हाम्रो प्रयास अरब क्षेत्रसहित विश्व समुदायमा तनाव कम गरी नागरिकहरूलाई आशाको सुनिश्चितता गराउनुमा रहनुपर्छ ।"

उहाँले पछिल्लो समय अरब क्षेत्रमा देखिएको राजनीतिक अस्थिरतासँगै फैलिएको निराशाले अरब समुदायलाई चोट परेको बताउँदै अरब क्षेत्रका नेताहरूलाई यहाँको क्षेत्रीय शान्ति र सद्भावका लागि एकजुट हुन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "यस क्षेत्रमा स्थिरताको खाँचो छ ।" गत अक्टोबर ७ मा प्यालेस्टाइनी लडाकू समूह हमासले दक्षिणी इजरायलमाथि गरेको अकल्पनीय आक्रमणपछि गाजामा इजरायलद्वारा युद्ध सुरु भएको थियो ।

# मासिक ६० लाख अफगानीलाई विश्व खाद्य कार्यक्रमद्वारा सहयोग वितरण

काबुल, २८ अप्रिल (एएनआई) । अफगानिस्तान मानवीय सङ्कटसँग लडिरहेको बेला विश्व खाद्य कार्यक्रमले त्यहाँ हरेक महिना ६० लाख मानिसहरूलाई खाद्यान्न र नगद वितरण गरिरहेको खामा प्रेसले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय निकायले प्रेस विज्ञप्तिमार्फत, अफगानिस्तानमा यस वर्ष दुई करोड ३७ लाख मानिसहरूलाई मानवीय सहायताको आवश्यकता पर्ने बताएको छ ।

संयुक्त राष्ट्रको अनुमान अनुसार अफगानिस्तानमा करिब एक करोड ५८ लाख मानिसहरूले खाद्य असुरक्षा सङ्कट र आपतकालीन स्तरहरू अनुभव गर्नेछन् । त्यहाँका मानिसका आधारभूत आवश्यकता पूरा गर्न संयुक्त राष्ट्र सङ्घको मानवीय मामिला समन्वय कार्यालयले तीन अर्ब ६० करोड अमेरिकी डलरको बजेट माग गरेको खामा प्रेसले जनाएको छ ।

यसैबिच, पाकिस्तान, इरान र टर्कीजस्ता सीमा जोडिएका छिमेकी देशबाट जबरजस्ती निर्वासनका प्रतिवेदन आएको र यसले मानवीय सङ्कटलाई अझ बढाएको छ ।

अफगानिस्तान केही समयदेखि मानवीय आधारभूत आवश्यकताको सङ्कटसँग जुझिरहेको छ ।

अफगान शरणार्थीहरूले सफा पानी, बस्ने ठाउँ, जागिर र चिकित्सा हेरचाहको अभाव र घर फर्कंदा धेरै आधारभूत अवरोधहरूको सामना गरिरहेका छन् ।

चरम मौसमी अवस्थाका कारण यी शरणार्थीहरू त्यहाँ बाँस बसिरहेका छन् । अफगानिस्तानमा जारी मानवीय प्रकोपलाई ध्यानमा राख्दै स्थानीय र अन्तर्राष्ट्रिय संस्थाहरूले तत्काल मद्दत र समर्थन उपलब्ध गराउनु आवश्यक रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## विश्व सङ्क्षेप

# नाइजेरियामा दादुराका कारण १९ बालबालिकाको मृत्यु

अबुजा, २८ अप्रिल (सिन्हवा) । नाइजेरियाको उत्तरपूर्वी राज्य अदामावामा दादुरा सङ्क्रमणबाट हालसम्म कम्तीमा १९ बालबालिकाको मृत्यु भएको स्थानीय अधिकारीहरूले जानकारी दिएका छन् ।

उत्तरी स्थानीय क्षेत्र मुबीमा दादुराको प्रकोपबाट दुई सयभन्दा बढी बालबालिका प्रभावित भएको आशङ्का गरिएको स्थानीय सञ्चारमाध्यमले बताएका छन् । दादुराको प्रकोपबाट हुने जटिलताका कारण १९ जनाको मृत्यु भएको आधिकारिक प्रतिवेदनले सङ्केत गरेको छ ।

आयुक्त ताङ्वामीले विकास प्रभावित समुदायहरूमा औषधि र चिकित्सकको टोली तत्काल परिचालन गरिएको जानकारी दिनुभयो ।

उहाँले गम्भीर सङ्क्रमण भएका बालबालिकालाई विशेषज्ञ अस्पतालमा पठाइने बताउनुभयो । उहाँले बालबालिकालाई खोप लगाउन अस्वीकार गर्दा उक्त दुःखद् क्षण आएको भन्दै बालबालिकालाई दादुराविरूद्धको खोप नियमित लगाउन प्रत्साहन गर्नुभयो ।

दादुरा पाँच वर्ष मुनिका बालबालिकामा हुने भाइरल सङ्क्रमण हो तर खोपद्वारा सजिलै रोकथाम गर्न सकिन्छ । खोक्दा वा हाछ्युँ गर्दा निस्कने श्वासप्रश्वासको थोपाहरूबाट यो हावामा फैलिन्छ ।

# सुडानी सहर एल फसर वरपरको अवस्थालाई लिएर चिन्ता व्यक्त

संयुक्त राष्ट्रसङ्घ, २८ अप्रिल (सिन्हवा) । सुडानको उत्तरी डार्फर राज्यको राजधानी एल फशर वरपर भएको सशस्त्र झडपसँगै बढ्दो तनावप्रति संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले शनिबार चिन्ता व्यक्त गरेको छ ।

सुरक्षा परिषद्का सदस्यहरूले ऱ्यापिड सपोर्ट फोर्स (आरएसएफ) र उनीहरूका सहयोगी लडाकूहरूले एल फशरमा गरेका आक्रमणमा गहिरो चिन्ता व्यक्त गरेको र हिंसाबाट भागेका लाखौं मानिसहरूलाई अन्यत्र आश्रय दिइरहेको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ ।

सन् २०२३ अप्रिल १५ देखि एक अर्कासँग लडिरहेका सुडानी सशस्त्र बल र आरएसएफ लडाकूहरूलाई एल फशर वरिपरि सैन्य बलहरूको निर्माण समाप्त गर्न र उनीहरूको दायित्वहरूको पालना गर्दै परिस्थितिलाई कम गर्न कदम चाल्न अन्तर्राष्ट्रिय मानवीय कानुनअन्तर्गत आह्वान गरेका छन् ।

काउन्सिलका सदस्यहरूले शत्रुताको तत्काल अन्त्यको लागि उनीहरूको आह्वान दोहोऱ्याएका छन् । संयुक्त राष्ट्रका सबै सदस्य राष्ट्रहरूलाई बाह्य हस्तक्षेपबाट टाढा रहन र दिगो शान्तिको प्रयासहरूलाई समर्थन गर्न आग्रह गरेको छ । उनीहरूले द्वन्द्वका सबै पक्ष र संयुक्त राष्ट्रका सदस्य राष्ट्रहरूलाई हतियार प्रतिबन्धसम्बन्धी आफ्नो दायित्वहरू पालना गर्न सुझाव दिनुभयो ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले संयुक्त राष्ट्रसङ्घको महत्त्वपूर्ण मानवीय केन्द्र एल फशरमा भएका आक्रमणको विरुद्ध बारम्बार चेतावनी दिनुभएको छ ।

# विश्व खाद्य कार्यक्रमद्वारा मासिक ६० लाख अफगानीलाई खानासहित र नगदको व्यवस्था

काबुल, १६ वैशाख (एएनआई) । अफगानिस्तान मानवीय सङ्कटसँग लडिरहेको बेला विश्व खाद्य कार्यक्रमले त्यहाँ हरेक महिना ६० लाख मानिसहरूलाई खाद्यान्न र नगद वितरण गरिरहेको खामा प्रेसले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय निकायले प्रेस विज्ञप्तिमार्फत, अफगानिस्तानमा यस वर्ष दुई करोड ३७ लाख मानिसहरूलाई मानवीय सहायताको आवश्यकता पर्ने बताएको छ ।

संयुक्त राष्ट्रको अनुमानअनुसार अफगानिस्तानमा करिब एक करोड ५८ लाख मानिसहरूले खाद्य असुरक्षा सङ्कट र आपत्कालीन स्तरहरू अनुभव गर्नेछन् । त्यहाँका मानिसका आधारभूत आवश्यकता पूरा गर्न संयुक्त राष्ट्र सङ्घको मानवीय मामिला समन्वय कार्यालयले तीन अर्ब ६० करोड अमेरिकी डलरको बजेट माग गरेको खामा प्रेसले जनाएको छ ।

यसैबिच, पाकिस्तान, इरान र टर्कीजस्ता सीमा जोडिएका छिमेकी देशबाट जबरजस्ती निर्वासनको प्रतिवेदन आएको र यसले मानवीय सङ्कटलाई अझ बढाएको छ ।

अफगानिस्तान केही समयदेखि मानवीय आधारभूत आवश्यकताको सङ्कटसँग जुझिरहेको छ ।

अफगान शरणार्थीहरूले सफा पानी, बस्ने ठाउँ, जागिर र चिकित्सा हेरचाहको अभाव र घर फर्कदा धेरै आधारभूत अवरोधहरूको सामना गरिरहेका छन् ।

चरम मौसमी अवस्थाका कारण यी शरणार्थी त्यहाँ बास बसिरहेका छन् । अफगानिस्तानमा जारी मानवीय प्रकोपलाई ध्यानमा राख्दै स्थानीय र अन्तर्राष्ट्रिय संस्थाहरूले तत्काल मद्दत र समर्थन उपलब्ध गराउनु आवश्यक रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

# रुसी साम्राज्यमा भूदास प्रथा

### भूदास प्रथा

सामन्तवादी समाजमा जमिनदारको खेतमा बिनाज्याला पुस्तैनी काम गर्न बाध्य पारिएका बाँधा खेती मजदुरलाई भूदास भनिन्छ। भूदासको आफ्नो खेत हुँदैन। बस्न र खानको निम्ति जमिनदारले सानो टुक्रा खेत दिएको हुन्छ र त्यसबापत भूदासले वर्षभरि जमिनदार, चर्च वा राज्यको खेतमा काम गर्नुपर्छ। भूदासहरू कानुनीरूपमा मालिकको खेतसँग बाँधिएका हुन्छन्। भूदासलाई हिँडडुलको स्वतन्त्रता हुँदैन। आफू बसेको बाहेक अन्य गाउँ वा जिल्ला जानुपर्दा भूदासले मालिकसँग अनुमति लिनुपर्छ। सामान्यत: आफूले काम गरेको खेत बेचिँदा भूदासहरू पनि बेचिन्छन् र नयाँ मालिकको निम्ति काम गर्नुपर्ने हुन्छ।

भूदासको सामान्य अर्थ भूमिसँग बाँधिएको दास हो। तर, भूदास र दासबिच केही भिन्नताहरू छन्। दासहरू मालिकका अन्य सरसामानजस्तै सम्पत्ति मानिन्छन् भने भूदासहरू राज्यका सबभन्दा तल्लो दर्जाका बासिन्दा हुन्। भूदासलाई सामान्य सरसामान वा सम्पत्ति र राख्ने र पशुपालन गर्ने अधिकार हुन्छ। मान्छेको रूपमा नगनिने हुनाले दासले कर तिर्नुपर्दैन भने भूदासले नियमितरूपमा राज्यलाई कर बुझाउनुपर्छ; युद्धको समयमा थप कर बुझाउनुपर्छ र आवश्यकताअनुसार सेनामा सहभागी हुनुपर्छ। दासको खानपानको व्यवस्था मालिकले गर्छ भने भूदासले आफ्नो व्यवस्था आफैँ मिलाउनुपर्छ।

### रुसमा भूदास प्रथा

युद्ध र महामारीका कारण कुलीन र जमिनदारहरूको खेतमा काम गर्ने किसानहरूको कमी भएको समयमा किसानहरू नभागून् भनी जमिनसँग बाँध्ने उपायको रूपमा भूदास प्रथा सुरू भएको हो।

बेलायत, फ्रान्सजस्ता पश्चिम युरोपेली देशमा भूदास प्रथाको सुरूआत १० औँ शताब्दीमा भएको थियो। नयाँ ज्ञान र प्रविधिका कारण आर्थिक व्यवस्थामा आएको परिवर्तन, जनसङ्ख्या वृद्धि र भूदास विद्रोहहरूसँगै पश्चिम युरोपमा १५ औँ र १६ औँ शताब्दीमा भूदास प्रथा कमजोर हुँदै गयो। १८ औँ शताब्दीको अन्त्यमा सुरू भएको औद्योगिक क्रान्ति (सन् १७८०) र फ्रान्सेली राज्य क्रान्ति (सन् १७८९) ले पश्चिम युरोपमा भूदास प्रथा निर्मूल पाऱ्यो।

पश्चिम युरोपमा भूदास प्रथा ओइलाउँदै गर्दा पूर्वी युरोपमा भूदास प्रथाले जग हाल्दै थियो। पूर्वी युरोपमा खेतीयोग्य जमिन धेरै थियो भने मानिसको बसोबास पातलो थियो। त्यसकारण, पश्चिम युरोपबाट पूर्वी युरोपमा बसाइँसराइको प्रक्रिया निरन्तर चलिरहेको थियो। तर, सन् १३४७-१३५१ सम्म युरोपमा फैलेको प्लेग रोगले युरोपको आधा जनसङ्ख्याको मृत्यु भयो। त्यसपछि पश्चिमबाट पूर्वमा हुने बसाइँसराइको प्रक्रिया रोकियो। यसले पूर्वी युरोपमा जमिनको दाँजोमा खेती गर्ने मानिसको कमी भयो। बिस्तारै स्थानीय शासकहरूले किसानलाई जमिनसँगै बाँध्ने भूदास प्रथाको कानुनी आधार तयार गर्न थाले। पश्चिम युरोपमा कृषि उत्पादनको माग बढेसँगै पूर्वी युरोपका राज्य र जमिनदारहरूले निर्यात बढाएर नाफा कमाउन भूदास प्रथा अझ कसिलो बनाए।

यही क्रममा मस्को वरपर केन्द्रित रुसी राज्यले आफ्नो भूमि विस्तार गर्न थाल्यो। विस्तारित भूमि राज्यका सैनिक अधिकारी र भारदारहरूलाई बिर्ताको रूपमा वितरण गरियो। राज्य विस्तारमा उत्साहित पार्न कुलीन वर्ग र जमिनदारहरूको पक्षमा किसानहरूलाई जमिनदारको अनुमतिबिना गाउँबाहिर जान नपाउने र खेतसँगै बाँध्ने कानुनहरू बनाउन थालियो।

सन् १६४९ मा रुसी राजसभाले जारी गरेको कानुनले रुसी किसानहरूलाई पूर्णत: जमिनदार अधीनस्थ भूदासमा परिणत गऱ्यो। गाउँबाट भाग्ने किसानलाई अपराधी घोषणा गर्ने र जमिनबिना पनि जमिनदारले आफ्ना भूदास बेच्न पाउने कानुन लागु भयो। बेचिएका भूदासको सम्पत्ति र परिवार पुरानो मालिकले नै राख्ने गर्थ्यो। सन् १६७० र १७१९ को तथ्याङ्कअनुसार रुसका ८० प्रतिशत किसान भूदासमा परिणत भइसकेका थिए। रुसको उत्तरी र उत्तरपूर्वी क्षेत्रमा मात्र स्वतन्त्र किसानहरू थिए।

भूदासहरूले मालिकको अनुमतिबेगर विवाह गर्न र अन्य पेसामा लाग्न पाउँदैनथे। श्रम शक्ति बाहिर नपठाउन मालिकले आफ्नै खेतमा काम गर्ने भूदास पुरुष वा महिलासँग मात्र विवाह गर्ने अनुमति दिन्थे।

कुनै पनि बहानामा मालिकले भूदासलाई मारपिट गर्न र यातना दिन सक्थ्यो तर त्यसविरूद्ध उजुरी गर्ने अधिकार भूदासलाई थिएन।

१८ औँ शताब्दीको अन्त्यतिर गएर पुँजीपतिहरूलाई कलकारखानामा भूदासलाई काम गराउने अनुमति दिन थालियो। सन् १८२५ मा रुसी कलकारखानामा काम गर्ने मजदुरमा ५२ प्रतिशत भूदास थिए। तर, ती मजदुर बनाइएका भूदासलाई जमिन उपलब्ध गराइएको थिएन।

### डिसेम्बरवादी र भूदास प्रथा

कुलीन र जमिनदारवर्गले चर्चको सहयोगमा जारको प्रतिनिधिको रूपमा गाउँको प्रशासन चलाउँथे। युद्धको बेला कुलीन र जमिनदारवर्गका लोग्नेमानिसले सैनिक अफिसरको काम गर्थे भने राज्यको मागअनुसार आफ्नो अधीनमा रहेका भूदासहरूलाई सेनामा भर्ती गर्थे। युद्धमा देखाएको वीरता र राज्यमा गरेको सेवाको आधारमा जारले कुलीनवर्गलाई मानपदवी र जग्गा प्रदान गर्थे। भूदासहरूको परिश्रमले उब्जेको अन्न नै कुलीनवर्गको आर्थिक आधार थियो।

अधिकांश डिसेम्बरवादी युवाहरू यस्तै कुलीन परिवारबाट आएका थिए। भूदासहरूकै पसिनाको बलमा आर्जेको सम्पत्तिले यी युवाहरूले देश-विदेशका उच्च शिक्षालयहरूमा शिक्षा आर्जन गरेका थिए।

सन् १७८९ मा फ्रान्समा पुँजीपतिवर्गको नेतृत्वमा सामन्तवर्गविरूद्ध क्रान्तिको उद्घोष भयो। सम्राटको स्वेच्छाचारिताविरूद्ध उठेको उक्त आन्दोलनले सम्राटलाई संविधानको दायराभित्र कैद गर्ने कोसिस गऱ्यो। सम्राट लुई १६ औँ संवैधानिक दायराभित्र बस्न नमान्दा उनी मानिस मार्ने यन्त्र गिलोटिनमा काटिए। फ्रान्सेली क्रान्तिले समानता, स्वतन्त्रता र भ्रातृत्वको मानवतावादी नारा अगाडि सारेको थियो। जन्मको आधारमा मानिसको मूल्य निर्धारण हुने विभेदकारी सामन्ती युगमा सबै मानिस समान छन् र सारा मानिस दाजुभाइ हुन् भन्ने क्रान्तिकारी नारा थियो। फ्रान्समा नेपोलियनको उदय र युरोपभरि प्रभुत्व जमाउने उनको युद्धसँगै यो क्रान्तिकारी नारा युरोपका सबै सामन्ती राज्यहरूमा गुञ्जियो।

सन् १८१२ मा नेपोलियनले रुसमा आक्रमण गरेर मस्को कब्जा गरे। रुसका केही भूदासले नेपोलियनको सहयोगमा स्वतन्त्र हुने सपना देखेका थिए। तर, नेपोलियनको उद्देश्य रुसी भूदासहरूको मुक्तिभन्दा पनि रुसलाई हराएर बेलायतविरूद्धको युद्धमा रुसलाई आफ्नो पक्षमा ल्याउनु थियो। गलत रणनीतिका कारण नेपोलियन मस्को पुगेर पनि पछि हट्नुपऱ्यो। सन् १८१३-१८१४ को नेपोलियनविरोधी रुसको युद्ध डिसेम्बरवादी युवाहरूको निम्ति देशभक्तिपूर्ण युद्ध थियो। युद्धको क्रममा नेपोलियनको सेनालाई लखेट्दै रुसी सैनिक पश्चिम युरोपका विभिन्न क्षेत्रमा पुगे। पेरिस, लियौँ र ब्रसेल्सजस्ता औद्योगिकरूपमा अगाडि बढेका तथा राजनीतिक र सामाजिकरूपमा उदार विचार फैलिएका सहरहरूको बसाइँले उनीहरूमा गहिरो छाप पाऱ्यो। भूदासविहीन पश्चिम युरोपेली समाज उनीहरूको निम्ति नौलो र कल्पनाबाहिरको संसार थियो।

रुसी राजकाज, प्रशासन र सेनाको महत्त्वपूर्ण पदमा रहेका परिवारबाट आएका ती युवाहरूबिच रुसको राज्य व्यवस्थामा सुधार र परिवर्तन गर्नुपर्ने विषयमा छलफल हुन थाल्यो। ती सुधारहरूमा दुई महत्त्वपूर्ण बुँदा थिए - रुसी राजा जारको तानाशाहीको अन्त्य र भूदासहरूको मुक्ति। मानवीय स्वतन्त्रता र औद्योगिक विकासबिना रुस पश्चिम युरोपको दाँजोमा अगाडि बढ्न सक्दैन भन्ने कुरामा ती युवाहरू स्पष्ट थिए। भूदास प्रथाको कारण रुसी किसानहरू बाँधिएका थिए। श्रम बजार खुला नहुँदा रुसको औद्योगीकरणमा भूदास प्रथा एउटा पर्खाल बनेर उभिएको थियो।

सुरूमा ती युवाले व्यक्तिगत र सङ्गठितरूपमा जारलाई बिन्तीपत्र लेखे; सुधारको खाका कोरेर सुझाव दिए। तर, जारले ती सुधारहरू स्वीकारेनन्। 'रुस आफैँ एउटा ठूलो सैनिक शक्ति हो; पश्चिम युरोपको बाटोमा होइन, रुस स्लाभ जाति सुहाउँदो छुट्टै बाटोमा अगाडि बढ्नुपर्छ' भन्ने मत रुसी दरबारमा बलियो थियो। भूदासहरूको पसिनाबाट आर्थिक उपार्जन गरिरहेको कुलीनवर्गको ठूलो हिस्सा भूदास मोचनको विरोधमा थियो।

अन्तत: ती युवाले सैनिक विद्रोह नै अन्तिम बाटो भएको निधो गरे। सन् १८२० मा स्पेन र इटालीमा गुप्त समाजहरूको नेतृत्वमा संवैधानिक व्यवस्थाको पक्षमा भएका सफल सैनिक विद्रोहहरूबाट उनीहरू उत्साहित थिए। निकिता मुराभ्योभले नेतृत्व गरेको 'उत्तरी समाज' को कार्यक्रममा भूदासहरूलाई जमिनदारको खेतको बन्धनबाट मुक्त गर्ने कुरा थियो। पाभेल पेस्तेलले नेतृत्व गरेको 'दक्षिणी समाज' को कार्यक्रममा राज्यको सम्पूर्ण जग्गाजमिन राष्ट्रियकरण गर्ने र त्यसको आधा भाग मुक्त भूदासहरूलाई वितरण गर्ने लेखिएको थियो। तर, दुवै समूहले सामन्ती शोषणमा बाँधिएका भूदासहरूलाई सङ्गठित गर्ने र उनीहरूबिच आफ्नो उद्देश्यबारे प्रचार गर्ने आवश्यकता महसुस गरेनन्। कुलीन र शिक्षितवर्गबाहेक व्यापक जनता वा भूदासहरूलाई विद्रोहमा सामेल गराएको खण्डमा विद्रोह अनियन्त्रित र अव्यवस्थित हुनसक्छ भन्ने विचार उनीहरूमा बलियो थियो।


### भूदास मोचन

डिसेम्बर विद्रोहको असफलतासँगै जार निकोलसको रुसी साम्राज्यमा सुधारको सम्भावना समाप्त भयो। सन् १८२५ देखि १८५५ सम्मको जार निकोलसको ३० वर्षे शासनलाई राजनीतिकरूपमा अँध्यारो युग भनिन्छ। सन् १८५३ मा सुरू भएको क्रिमिया युद्धमा रुसको औद्योगिक पछौटेपन स्पष्ट भयो। बेलायत र फ्रान्सको बाफको इन्जिनजडित आधुनिक जहाजहरूले काला सागरको किनारमा रहेका रुसी जहाजहरूलाई पूर्णत: ध्वस्त पारे। पराजयको यो धक्काले जार निकोलस नराम्ररी थलिए र सन् १८५५ मा उनको निधन भयो।

युरोपमा सबभन्दा ठूलो र बलियो भनिएको रुसी सेनाको हारले निकोलसका छोरा जार अलेक्सान्दर दोस्रोलाई रुसको सामाजिक संरचनामा सुधार गर्न बाध्य बनायो। तल्लो तहको विद्रोहबाट सुधार हुनुभन्दा माथिबाट सुधार गर्नु शासकको निम्ति राम्रो कुरा हो भन्नेमा उनी स्पष्ट थिए। १८६१ को फेब्रुअरीमा अलेक्सान्दर दोस्रोले भूदास मोचनको घोषणा गरे। कुलीनवर्गले तयार पारेको यो घोषणाअनुसार रुसका सम्पूर्ण भूदासहरू किसानमा परिणत भए। मुक्तिको घोषणामा किसानहरूले आफूले जोतिआएको जग्गाको केही भाग किन्न पाउने व्यवस्था थियो। जग्गाको मूल्य राज्यले किसानलाई ऋणको रूपमा प्रदान गर्ने र ४९ वर्षको किस्ताबन्दीमा किसानले राज्यलाई फिर्ता गर्नुपर्ने प्रावधान थियो। कुलीन वर्गलाई मुक्तिको घोषणाले कुनै घाटा भएन तर मुक्त भयौ भनिएका किसानहरूको काँधमा राज्यको ऋणको भारी बोकाइयो। यो नक्कली मुक्तिले किसानहरूबिच असन्तोष फैलियो। यो असन्तोष नै जारविरोधी सङ्घर्षहरूको बीउ बनिरहयो। यो सिलसिला १९१७ को अक्टोबर क्रान्तिमा गएर मात्र टुङ्गियो।



मालिकको जग्गामा काम गर्दै भूदासहरू



मस्कोमा नेपोलियन बोनापार्ट

**भक्तपुर बहुमुखी क्याम्पसको पुराना मालसामानहरू लिलाम बिक्री सम्बन्धी दरभाउपत्र आह्वानको सूचना**

सूचना प्रकाशित मिति : (२०८१।१।१७)

यस भक्तपुर बहुमुखी क्याम्पसको प्रयोगमा आउन नसकिने खर्च भएर नजाने विभिन्न प्रकारका फर्निचरहरू, कार्यालय सामान, कम्प्युटर तथा पार्टस्, पुराना जस्तापातालगायत जिन्सी मालसामानहरू जे जस्तो अवस्थामा छ, सोही अवस्थामा दरभाउपत्रको माध्यमबाट लिलाम बढाबढद्वारा बिक्री गराउनुपर्ने भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले १५ औँ दिनको १७.०० बजेभित्र दरभाउपत्र दस्तुरबापत रु. ३०० ।- (फिर्ता नहुने गरी) कृषि विकास बैङ्क दूधपाटी शाखाको च.हि.नं. ०२१२२०१०२३५१-४०१५ मा शुल्क तिरी यस कार्यालयबाट दरभाउपत्र खरिद गर्नुभई १६ औँ दिनको १२.०० बजेभित्र लिलाम सकार गर्न चाहने इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। दरभाउपत्र सामान दरभाउपत्र खरिद गर्ने दिन वा दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्टसम्म अन्तिम म्याद रहनेछ। लिलाम बिक्रीका सामानहरू भण्डार शाखासँग सम्पर्क गरी कार्यालय समयभित्र हेर्न सकिने छ। यस सूचनामा छुट हुन गएका कुराहरूमा त्रि.वि. आर्थिक प्रशासनसम्बन्धी नियमावली २०७३ अनुसार हुनेछ।

**भक्तपुर बहुमुखी क्याम्पस**
दूधपाटी, भक्तपुर

**हार्दिक समवेदना**



जन्म
२००१/१२/०७

निधन
२०८१/०१/०६

भक्तपुर जिल्ला भ.न.पा.१० महालक्ष्मी स्थान निवासी देशभक्त नागरिक समाज बृहत् समूहका संस्थापक अध्यक्ष **कृष्णबहादुर मुलगुठी**को असामयिक निधन भएको आज १२ औँ दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**देशभक्त नागरिक समाज**
भक्तपुर २०६७

# दैलेख डुङ्गेश्वरमा अन्तर्राष्ट्रिय मजदुर दिवस

दैलेख, १६ वैशाख। नेपाल मजदुर किसान पार्टी डुङ्गेश्वर गाउँ समितिले आइतबार डुङ्गेश्वर बजारमा १३५ औँ अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा प्रशिक्षण कार्यक्रम सम्पन्न गर्यो।



कार्यक्रममा नेपाल मजदुर किसान पार्टी कर्णाली प्रदेश संयोजक सरोजराज गोसाईले गुणस्तरीय शिक्षा र स्वास्थ्य उपचार बन्दोबस्तको लागि लगानी नगर्ने शासकहरू कम्युनिस्ट हुन नसक्ने स्पष्ट पार्नुभयो।

कम्युनिष्टको खोल ओढेका एमाले र माओवादी शासक दलहरूले शिक्षा र स्वास्थ्य क्षेत्रमा समेत निजीकरण गरेको चर्चा गर्दै संयोजक गोसाईंले साम्राज्यवादी हतियारहरू विश्व बैङ्क, मुद्रा कोष, एसियाली विकास बैङ्क माध्यमहरू प्रयोग गरी निजीकरणको नाममा नेपालका सबै उद्योगधन्दा ध्वस्त पारेको बताउनुभयो।

भारतीय एकाधिकार पुजीको दबाबमा शासकहरूले नेपाललाई परनिर्भर बनाएको उल्लेख गर्दै संयोजक गोसाईंले नेपालमा औद्योगिकीकरण नहुँदा मजदुर आन्दोलन अगाडि बढ्न नसकेको बताउनुभयो। नेपालमा लगानी गर्ने विदेशी कम्पनीले कर छलेर नाफा लुटिरहेको बताउँदै संयोजक गोसाईले शासक दलका नेताहरू र मुख्यसचिव लगायत सरकारी उच्च अधिकारीहरूले विदेशी पुँजीको कर छलीमा सघाइरहेको छ भुन्नुभयो।

नेपाल मजदुर किसान पार्टी डुङ्गेश्वर गाउँ समितिका अध्यक्ष हीरामणि न्यौपानेको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासी, जगत ओली, खेमराज दाहाल, विन्दुलाल रेग्मी, हस्त गुरुङले मजदुर दिवस र कार्लमार्क्सको जीवनीबारे चर्चा गर्नुभयो।

*काठमाडौं...*

बनाउने खतरा रहेको उल्लेख गर्नुभयो।

खाद्य पदार्थमा हुने मिसावटका कारण उपभोक्ताले गुणस्तरहीन खाद्यपदार्थको उपभोगबाट जनस्वास्थ्यमा गम्भीर असर पारिरहेको बताउँदै उहाँले खाद्य पदार्थमा मिसावट गर्नु कानुनीरूपमा दण्डनीय रहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बिस्का जात्रामा प्रत्यक्ष र अप्रत्यक्षरूपमा सहयोग गर्ने जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, सशस्त्र प्रहरी, ट्राफिक प्रहरी, सरोकारवाला टीम, क्लव, दाफा-भजन तथा स्थानीय जनतालाई भनपाको तर्फबाट धन्यवाद व्यक्त गर्नुभयो।

जात्रा अवधिभर भक्तपुर नपाले वडा-वडामा नर्स र स्वास्थ्य स्वयम्सेविकाहरू परिचालन गरी प्राथमिक उपचार कक्षको व्यवस्था गरेको चर्चा गर्दै प्रमुख प्रजापतिले भक्तपुरका मूर्त र अमूर्त सम्पदा संरक्षणले राष्ट्रिय गौरवलाई अझ उँचो बनाएको बताउनुभयो।

भनपाका उपप्रमुख रजनी जोशीले भक्तपुरका चाडपर्व तथा जात्राहरू धार्मिक तथा सांस्कृतिक महत्त्वका हुनुका साथै विज्ञानसम्मत पनि भएको बताउँदै प्रकृतिसँग जोडिएका सम्पदाको महत्त्वबारे नयाँ पुस्तामा हस्तान्तरण गर्ने व्यवस्था आवश्यक भएको बताउनुभयो।

भक्तपुरका प्रजिअ रोशनीकुमारी श्रेष्ठले बिस्का जात्राबारे आफ्नो अनुभव सुनाउँदै यस वर्षको बिस्का जात्रा भव्य, सभ्य र शान्तिपूर्णरूपमा सम्पन्न भएकोमा खुसी व्यक्त गर्नुभयो।

बिस्का जात्राबारे जिल्ला प्रशासन कार्यालयले गरेको पूर्व तयारी र सम्बन्धित सरोकारवालाहरूसँग भएको समन्वयबारे जानकारी गराउँदै उहाँले स्थानीय जात्रा पर्वहरू प्रहरी प्रशासनको संलग्नताविना नै जात्रा शान्तिपूर्णरूपमा सम्पन्न हुनुपर्नेमा जोड दिनुभयो।

गुठी संस्थानका प्रमुख खिमा वलीले भक्तपुरवासी जनताको साथ र सहयोगकै कारण बिस्का जात्रा शान्तिपूर्ण तरिकाले सम्पन्न भएको स्मरण गर्दै जात्राका चुनौती र समस्याहरूलाई आउँदो वर्षमा सुधार अगाडि बढ्ने प्रतिबद्धता जनाउनुभयो।

कार्यक्रममा भनपा ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व र भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले पनि बोल्नुभएको थियो।

## हार्दिक समवेदना



जन्म
२०१८/०४/०५

निधन
२०८१/०१/१४

हाम्रा आत्मीय मित्र केदार वैद्यकी ममतामयी माता **बुद्धलक्ष्मी वैद्य**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**साथीहरू**

इन्द्रभक्त खर्बुजा
मोहनकाजी गोठे
राजन पंच
जितेन्द्र पंच
उत्तम गोरा
आशाकाजी दुवाल
पुण्यराम देशेमरू
राकेश देशेमरू
हरिकृष्ण बोयजु
रत्नकाजी बोयजु
विवेश फाँजु
सत्यनारायण देशेमरू
कृष्णराम बोयजु
राजु वैद्य

## भावपूर्ण श्रद्धाञ्जली !

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य **गंगालक्ष्मी बैद्य**की पूजनीय आमा
**बुद्धलक्ष्मी वैद्य**को
असामयिक निधन भएको चौंथो दिनको पुण्यतिथिमा
मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा
हार्दिक समवेदना व्यक्त गर्दछौं।



जन्म : २०१९ श्रावण ५ गते
मृत्यु : २०८१ बैशाख १४ गते

**नेपाल क्रान्तिकारी महिला सङ्घ**
केन्द्रीय समिति

## हार्दिक श्रद्धाञ्जली



**स्वः हिरामाया खानिवा**

**जन्म : १९९६/०३/०३ निधन :२०८१/०१/०६**

यस संस्थाका सदस्य बुद्धिकुमार खानिवाकी ममतामयी माता **हिरामाया खानिवा**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

**कुखुरापालक व्यवसायी संघ**
तथा
**एभरेस्ट चिकेन नेपाल प्रा.लि.**
इतापाखे, सल्लाघारी,भक्तपुर



जन्म : २०१९ श्रावण ५
मृत्यु : २०८१ बैशाख १४

## भावपूर्ण श्रद्धाञ्जली !

यस विद्यालयमा कार्यरत शिक्षिका **गंगालक्ष्मी बैद्य**की ममतामयी आमा **बुद्धलक्ष्मी बैद्य**को असामयिक निधन भएको चौंथो दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**बाल विकास सेकेण्डरी स्कूल**
लिवाली, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा